दर्ता नं.: ३/१/७(६४२)०६९/०७०

# आबद्ध

बचत तथा ऋण सहकारी संस्था लि.

AABADDHA SAVING & CERDIT CO-OPERATIVE LTD.

१३ औं

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८१/०८२


बिर्तामोड-५, जात्रुबाडी, झापा

सेवाकेन्द्र अर्जुनधारा-९, गोलधाप, झापा

०२३-५३५२९५, ०२३-४६५०८२

## सल्लाहकार समिति



श्री अच्युत दाहाल
संयोजक



श्री निर्मल भट्टराई
सदस्य



श्री वेदान्त ठकुरी
सदस्य



श्री दशरथ पराजुली
सदस्य



श्री नारायणप्रसाद चिमरिया
सदस्य



श्री दशरथ हुमागाई (देवेन्द्र)
सदस्य



श्री राजेन्द्र मैनाली
सदस्य

## संचालक समितिको नामावली



श्री नन्दमान भट्टराई (नरेश)
अध्यक्ष
९८५२६७३९४९



श्री राजन वाग्ले
उपाध्यक्ष
९८५२६७४३४७



श्री खगेन्द्र कुवँर (क)
सचिव
९८५२६७७८०४



श्री शान्ता विष्ट
कोषाध्यक्ष
९८१७०१८३३३



श्री हृदयकुमारी संग्रौला
सदस्य
९८०४९१५५३३



श्री चिरञ्जिवी सिग्देल
सदस्य
९८४२७५०६५३



श्री रुपमाया राई (दाहाल)
सदस्य
९८४२६४०६८२



श्री टेकबहादुर तामाङ्ग
सदस्य
९८४२६३३३२७



श्री नरेन्द्र न्यौपाने खत्री
सदस्य
९८४२६७०३४०



श्री गौरीप्रसाद भण्डारी
सदस्य
९८५२६७७०७१



श्री खड्गबहादुर विष्ट
सदस्य
९८५२६२४७३८

## लेखा समिति



श्री सिर्जना खतिवडा
संयोजक



श्री सहनलाल राजवंशी
सदस्य



श्री गोपाल चौहान
सदस्य

## सेवा केन्द्र संचालक समिति



गौरीप्रसाद भण्डारी
संयोजक
९८५२६७७०७१



सन्तोष चिमरिया
सदस्य
९८४२७७४४२४



खेम दाहाल
सदस्य
९८०१४५८२६२



दिपक बुढाथोकी
सदस्य
९८१६०१३५२६



देवेन्द्र मैनाली
सदस्य
९८०७९८०२८८

## सेवा केन्द्र सल्लाहकार समिति



नरेन्द्र राई
संयोजक



यामबहादुर इङ्नाम
सदस्य



खेम राज खरेल
सदस्य

दर्ता नं. ३/१/७ (६४२)
पान नं. ६००५०००८३६
aabadhacoop@gmail.com
०२३–५३५३९५/५३६७०५

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
# AABADDHA SAVING & CREDIT CO-OPERATIVE LTD.

बिर्तामोड–५, झापा (नेपाल)/Birtamod-5, Jhapa (Nepal)
स्था : २०६९/Estd : 2069

प.सं./L. No. : ०८२।८३(२२००)
च.नं./Ref. No. : १२३
मिति/Date: २०८२।०७।१३

श्री..............................................ज्यू,
शेयर सदस्य, आबद्ध बचत तथाऋण सहकारी संस्था लि.
विर्तामोड-५, जात्रुबाडी, झापा

विषय :-१३ औं वार्षिक साधारण सभामा उपस्थित भईदिने बारे ।

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरण निर्देशनको अधिनमा रही यस यस आबद्ध बचत तथा ऋण सहकारी संस्थाको मिति २०८२ कात्तिक ९ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार संस्थाको १३ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**साधारण सभाका प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रगति प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको लेखा प्रतिवेदन पारित माथि छलफल गरी सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०८२/०८३ को प्रस्तावित वार्षिक कार्यक्रम, योजना तथा बजेट पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ का लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
८. आन्तरिक कार्यविधिहरु संसोधन गर्ने, स्विकृत गर्ने तथा अनुमोदन गर्ने सम्बन्धमा ।
९. शेयर लाभांश कोष तथा कर्मचारी बोनस कोष वितरण सम्बन्धमा ।
१०. अवितरित कोषको रकम जगेडा कोषमा सार्ने सम्बन्धमा ।
११. सदस्यहरुबाट प्राप्त सुझाव सम्बन्धमा ।
१२. विविध

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८२ मसिंर १५ गते सोमबार
समयः बिहान १०:३० बजे ।
स्थानः आदर्श ब्याङ्क्वेट, पुरानो भद्रपुर रोड, विर्तामोड ४ झापा ।
(नोट : संस्थाले सदस्यका सन्ततिहरु मध्ये यस बर्ष SEE मा उत्कृष्ट अंक ल्याई उतिर्ण हुने निजी र सरकारी विद्यालय बाट १/१ छात्र र १/१ छात्रालाई सम्मान गर्ने भएको हुँदा तपाईका नानीहरु पनि त्यसका लागि दावेदार भएमा लब्धाङ्क पत्र, निवेदन र एक प्रति फोटो सहित मिति २०८२/०८/१० गते सम्ममा संस्थाको कार्यलयमा बुझाउनुहुन अनुरोध छ ।)

पुनश्चः सञ्चालक समिति लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम निर्वाचन समितिले मिति २०८२/०७/२५ गते संस्थाको सूचना पाटीमा टाँस गरीने सूचना बमोजिम हुनेछ ।

अध्यक्ष
नन्दमान भट्टराई(नरेश)

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
# बिर्तामोड-५, जात्रुबाडी झापा
## १३औं वार्षिक साधारण सभा - २०८२/०८/१५ गते
## कार्यक्रम सूची
### साधारण सभा समारोह

१. उद्घोषण
२. आसन ग्रहण :
   २.१.१. सभापति, २.१.२. प्रमुख अतिथि, २.१.३. विशिष्ट अतिथिहरु
   २.१.४. अतिथिहरु, २.१.५. पत्रकारहरु, २.१.६. सञ्चालक समितिका पदाधिकारीहरु
   २.१.७. शेयर सदस्यहरु, २.१.८. अन्य आमन्त्रित व्यक्तित्वहरु
३. राष्ट्रिय गान
४. मौनधारण
५. प्रमुख अतिथिबाट व्यानर वाचन गरेर सभाको समुद्घाटन
६. स्वागत मन्तव्य तथा कार्यक्रम माथि प्रकाश पार्ने
७. सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुत
८. लेखा समितिको तर्फबाट आ.व.२०८१/०८२ को लेखा प्रतिवेदन प्रस्तुत
९. शुभकामना मन्तव्य
१०. पुरस्कार तथा सम्मान (उत्कृष्ट व्यक्तिहरुलाई)
११. शुभकामना मन्तव्य
१२. गणपूरक सङ्ख्याको घोषणा
१३. माइन्युट लेखन व्यक्तिको चयन
१४. अध्यक्षद्वारा भावी कार्य योजना, बजेट तथा प्रस्तावहरु प्रस्तुत
१५. प्रस्तुत भएका सम्पूर्ण प्रतिवेदनमाथि शेयर सदस्यहरुको धारणा तथा प्रस्तावहरुलाई प्रस्तुत, निर्णय र सार्वजनिक
१६. प्रमुख अतिथिको मन्तव्य
१७. सभाध्यक्षद्वारा हाल रहेको सञ्चालक समिति भंग गरेको घोषणा र निर्वाचन उप-समितिलाई सभा हस्तान्तरण
१८. निर्वाचन उप-समितिबाट निर्वाचनका बाकि कार्य प्रक्रिया सुरु
१९. निर्वाचन मत परिणाम घोषणा
२०. सपथ ग्रहण र प्रमाण पत्र वितरण
२१. चियापान
२२. समापन

## आबद्ध बचत तथाऋण सहकारी संस्था लि.
## विर्तामोड-५ को १३ औं वार्षिक साधारण सभामा
## संचालक समितिको तर्फबाट अध्यक्षद्वारा वार्षिक प्रतिवेदन २०८२ प्रस्तुत

यस तेह्रौं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न संघ संस्थाबाट पाल्नु भएका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, आदरणीय शेयर सदस्य महानुभावहरू, संस्थाका वर्तमान तथा निवर्तमान सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका वर्तमान तथा निवर्तमान संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, प्रतिनिधिज्यूहरु, संस्थाका व्यवस्थापक लगायत सबै तहका कर्मचारीहरू, पत्रकार बन्धु, महिला तथा सज्जनवृन्दहरुमा मेरो व्यक्तिगत र संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप अघि बढेको, समुदायमा आधारित भई सदस्यको सेवालाई केन्द्रमा राखेर निरन्तर सेवागर्दै लम्किरहेको यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो १३ वसन्तपार गरीसकेको छ । यस पटक हामी गौरवमय तेह्रौं वार्षिक साधारण सभा सम्पन्न गर्न गइरहेका छौं ।

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. विगत १३ वर्षको अनुभवमा आजको दिनसम्म नियाल्दा थुप्रै सहकारीहरुको भिडमा यस संस्थाले यसरी सबल तरिकाले कारोबार गरी रहनुमा शुभचिन्तक शेयर सदस्यहरु र बचतकर्ताहरुको साथ, विश्वास र भरोसा महत्वपूर्ण रहेकोले हामी निरन्तर अगाडि बढि रहेकाछौं । सहकारीका मुल्य, मान्यता, सिद्धान्तमा रहेर संस्थाका आफ्नो सदस्यहरुको हित अनुकूल बचत तथा ऋणलाई सही तरिकाले परिचालन गर्दै संस्थालाई सबल र सदस्यको रोजाईको सहकारी बनाउनु नै हाम्रो लक्ष्य हुनगएको छ । संस्थाले छोटो समयमा नै आफ्ना सदस्यहरुलाई संस्था प्रतिको अपनत्व बृद्धिगर्दै अझ शेयर सदस्यहरुको विश्वासलाई फराकिलो बनाउन, सदस्यहरुको भविस्यको सहारा बनाउन र सदस्यहरुको दुःख, सुखमा उपस्थित हुन र संस्थालाई कुशल तरिकाले सञ्चालन गर्नका लागि आवश्यक पर्ने निति नियम, कार्यविधिहरु बनाई नवीनतम सोचका साथ अगाडि बढि राखेकाछौं ।

उपस्थित महानुभावहरु, अब म यस आर्थिक वर्ष २०८१/०८२ को संस्थाको वित्तीय कार्य प्रगति विवरण यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.सं | विवरण | गत बर्ष | यस बर्ष | बृद्धि अंकमा | बृद्धि % |
|---|---|---|---|---|---|
| १. | शेयर सदस्य | २५८९ | २९४३ | ३५४ | १३।६७ |
| २. | शेयर रकम | ३,०३,०४,८०० | ३,११,९५,६०० | ८,९०,८०० | २।९४ |
| ३. | जगेडाकोष | २,१७,४५,३८९ | २,८१,७०,०१४ | ६४,२४,६२५ | २९।५४ |
| ४. | अन्य वैधानिक कोषहरु | २,११,७८,२७० | २,८२,२७,६५१ | ७०,४९,३८१ | ३३।२९ |
| ५. | योगदानमा आधारित अन्य कोषहरु | १,०५,०२,७४२ | १,२५,५१,५०९ | २०,४८,७६७ | १९।५१ |
| ६. | कुलकोष | ५,३४,२६,४०१ | ६,८९,४९,१७६ | १,५५,२२,७७५ | २९।०५ |
| ७. | बचतमा रहेको रकम | १८,७४,४२,८५५ | २२,९३,९६,१३६ | ४,१९,५३,२८१ | २२।३८ |
| ८. | ऋण लगानी | २२,०९,८६,५०० | २५,८५,५७,२८९ | ३,७५,७०,७८९ | १७।०० |
| ९. | खुद नाफा(कर पछिको) | १,०६,००,६७२ | १,५३,६२,११८ | ४७,६१,४४६ | ४४।९२ |

### १. शेयर सदस्य विस्तार

| गत आ.ब.को | यस वर्ष थप | सदस्यता खारेज तथा फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| २५८९ जना | ५५३जना | १९९ जना | २९४३ जना | १३।६७ |

गत वर्षसम्म कुल सदस्य संख्या २५३४ जना रहेकोमा यस आ.ब.२०८१।०८२ मा ३५३ जनाले नयाँ सदस्यता प्राप्त गर्नुभएको छ । यसरी यस आ.ब.को अन्त्य सम्ममा महिला १३९२ जना, पुरुष १५४६ जना र संस्थागत सदस्य ५ वटा गरी जम्मा२९४३ सदस्य रहेको छ ।

### २. शेयर पुँजी

| गत आ.ब.को | यस वर्ष थप | फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| ३०३०४८०० | ३१८९००० | २२९८२०० | ३११९५६०० | २।९४ |

संस्थाले आर्थिक वर्ष २०८१/०८२ को अन्त सम्ममा शेयर पुंजी तर्फ रु. ८ लाख ९० हजार ८ सयले बृद्धि गरी ३ करोड ११ लाख ९५ हजार ६ सय पुऱ्याएको छ जुन गत बर्षको  तुलनामा २।९४% ले वृद्धि भएको छ ।

### ३. कुल सम्पत्ति :

| गत आ.ब.को | यस वर्ष थप | जम्मा | वृद्धि प्रतिशत | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| २९७१९३९९५ | ५६२८४९३४ | ३५३४७८९२९ | १८।९३ | २।९४ |

संस्थाले आर्थिक वर्ष २०८१/०८२ को अन्तसम्ममा कुल सम्पत्तितर्फ रु. ५६२५३६०२ ले बृद्धिगरी ३५ करोड ३४ लाख७८ हजार ९ सयउन्तीस पुऱ्याएको छ जुन गतबर्षको  तुलनामा १८।९३%ले वृद्धिभएको हो  ।

### ४. निक्षेप संकलन तथा फिर्ता

| गतआ.ब.को | यस वर्ष थप | फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १८७४४२८५५ | १२२९३०३६१८ | ११८७३५०१३७ | २२९३९६१३६ | २२।३८ |

संस्थाले आर्थिक वर्ष २०८१/०८२ को अन्तसम्ममा बचत तथा निक्षेप तर्फ रु. ४ करोड १९ लाख ५३ हजार २ सय एकासीले बृद्धि गरी २२ करोड ९३ लाख ९६ हजार १ सय छत्तीस पुगेको छ जुन गत बर्षको  तुलनामा २२।३८% ले वृद्धि भएको हो ।

### ५. संस्थागत पुँजी :

| गतआ.ब.को | यस वर्ष थप | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २३०८१७४० | ६८५३८०५।५९ | २९९३५५४५।५९ | २९।६९ |

संस्थाले आर्थिक वर्ष २०८१/०८२ को अन्त सम्ममा संस्थागत पुँजी रु. ६८ लाख ५३ हजार ८ सय पाँचले बृद्धि गरी २ करोड ९९ लाख ३५ हजार ५ सय पैतालीस पुगेको छ जुन गत वर्षको  तुलनामा २९।६९% ले वृद्धि भएको हो ।

**६. ऋण लगानी**

| गत आ.ब.को | यस वर्ष थप | असुली | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| २२०९८६५०० | २८६४५२६०० | २४८८८१८११ | २५८५५७२८९ | १७ |

आर्थिक वर्ष २०८१/०८२ को अन्त्यमा संस्थामा सदस्यहरुमा जम्मा ऋण लगानी  रु. २२ करोड ९८ लाख ६ हजार ५०० सय रुपैंया भएकोमा यस आ.व.मा कर्जा लगानीमा १७ प्रतिशतले वृद्धि भई हाल रु. २५ करोड ८५ लाख ५७ हजार २ सय पचासी रुपैंया संस्थाले सदस्यहरुमा कर्जा लगानी गरेको छ। कर्जा जोखिम न्यूनीकरणका लागि कर्जा नीति समय सापेक्ष बनाई जोखिम हुन नदिन झन प्रभावकारी नियम अवलम्बन गरीने जानकारी पनि गराउन चाहन्छु ।

**७. भाका नाघेको ऋण र सो को व्यवस्थापनः**

| विवरण | कर्जा रकम रु. | नोक्सानी व्यवस्था रकम |
|---|---|---|
| भाकाननाघेको (१ प्रतिशत ) | २४८३१५३३५।०० | २४८३१५३।३५ |
| ३ महिना देखि ६ महिना भाखा ननाघेको ऋण (२५ प्रतिशत) | ४१६०३०० | १०४००७५ |
| ६ महिना देखि १वर्ष सम्म भाखा ननाघेको ऋण (५० प्रतिशत) | २९८५९८९।५९ | १४५२९९४।८० |
| एक वर्ष भन्दा बढी भाखा ननाघेको ऋण (१०० प्रतिशत) | ३०९५६६५ | ३०९५६६५ |
| जम्मा | २५८५५७२८९।५९ | ८१११८८८।१५ |

संस्थाले पूर्ण रुपमा भाका नाघेको ऋणका आधारमा जोखिम कोष व्यवस्था गर्दै आएको छ। यस बर्ष शंकास्पद र खराव ऋण असुलीमा विशेष योजना अघि बढाई खराब ऋण ३% भन्दा तल राख्ने गरी कार्य गर्ने लक्ष्य लिएको छ ।

**७. सञ्चालन तथा मुनाफाको स्थिति**

यस संस्थाले आर्थिक वर्ष २०८१/०८२ पटक पटक तागेता गर्दा, विभिन्न सूचना जारी गर्दा समेत ऋण तिर्न नआउने सदस्यको प्रचलित नियम अनुसार लिलामी प्रक्रिया अघि बढाई केही ऋण जग्गा विक्रि गरी ऋण मिलान गरेको थियो कतिपय ऋणहरु आम्दानीका आधारमा किस्ता हुने बनाई सहजीकरण गरीएको थियो भने लिलाममा आवेदन नपरेका तपशिलका जग्गा संस्था आफैले सकार गरेको छ ।

| क्र.सं. | जिल्ला | गाउँपालिका/नगरपालिका | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | झापा | साविक : धाइजन | ६ | ४२३६ | ११ धुर (१८६.२३ बमि) |
| २. | झापा | साविक : पाराखोपी | ५ | ५२६४, ५२६७ | २३.२५ धुर (३९३.६२बमि) |
| ३. | झापा | साविकःपाराखोपी | ६ | ३०१६९ | १०.४९ धुर (१७७.७६ बमि) |
| ४. | झापा | साविकःपाराखोप | ५ | ५२५७, ५२५९ | ८.२५ धुर (१३९.६८) |
| ५. | झापा | साविक :अनारमनी | ३ | १६८७ | ८ धुर (१३५.४५) |

उल्लिखत जग्गाहरु बापत संस्थाले उठाउनु पर्ने सावा रकम र लिलामी प्रक्रियामा लागेका खर्चहरु सहित कूल रु. ५२७९१८९.५० गैर वित्तीय सम्पत्तीका रुपमा वासलातमा देखाइएको र आगामी दिनमा यस्तो अचल सम्पत्ति

संस्थामा राखिरहनु भन्दा विक्री गरी नगदमा रुपान्तरण गर्नु उपयुक्त हुने हुँदा सम्पूर्ण सदस्यज्यूहरुलाई यस प्रति चासो राखी जग्गा विक्री गर्न सहयोग गर्नुहुन समेत अनुरोध गर्दछु ।

**९. सञ्चालन तथा मुनाफाको स्थिति**

यस संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा रु. ४ करोड २६ लाख ५४ हजार २ सय चउन्न रुपैया आम्दानी गरेको छ । जसबाट सञ्चालन तथा व्याज खर्च, ह्रासकट्टि खर्च लेखाई खराब कर्जा र अन्य दायित्व व्यवस्था गरी बचेको कर पछिको खुद सञ्चालन मुनाफा रु. १ करोड ५३ लाख ६२ हजार १ सय अठार रुपैया संचालन मुनाफा रहेको जानकारी पनि यस सम्मानित सभामा गराउन चाहन्छु ।

**१०. कर्मचारी व्यवस्थापन :**

हाल संस्थामा १७ जना कर्मचारीहरुद्वारा सदस्य मैत्री सेवा प्रवाह गरीरहेको जानकारी गराउन चाहान्छु जस मध्ये ९ जना स्थायी, ३ जना अस्थायी, र ३ जना करार सेवामा रहेका छन् २ पद रिक्त रहेकोले यस बर्ष कर्मचारी आवेदन मार्फत पदपूर्ति गरीने जानकारी गराउँछु । कर्मचारीहरुको पारिश्रमिक समय सान्दर्भिक हुने गरी २/२ बर्षमा बृद्धि गर्ने गरेको र यसबर्ष कर्मचारिहरुको तलब बृद्धि भएको रयस बर्षबाट अस्थायी नियुक्ती पाएका १२ जना कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गराई योगदान सुरुभएकोछ र यस आबमा आवश्यकता अनुसार निम्न दरबन्दि थप स्वीकृतिका लागि समेत यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

| स्तर | तह | श्रेणी | हालकायम दरबन्दि | थप दरबन्दि | थप पछि हुने दरबन्दि |
|---|---|---|---|---|---|
| प्रबन्धक | आठौं | द्धितीय | १ | | १ |
| सहायक | पाचौं | द्धितीय | १ | २ | ३ |
| | | तृतीय | १ | २ | ३ |
| कनिष्ट सहायक | चौथौं | | ३ | १ | ४ |
| बजार प्रतिनिधी / कार्यलय सहयोगी | तेस्रो | द्धितीय | ४ | १ | ५ |
| | | तृतीय | ३ | १ | ४ |
| जम्मा | | | १३ | ७ | २० |

**११. नीति तथा कार्यविधी निर्माण सम्बन्धी**

संस्था नीति विधी र कार्यविधी मा चल्नुपर्छ भन्ने कुरालाई मध्य नजर गर्दै संस्थाले यस बर्ष सदस्य स्वागत कार्यक्रम सम्बन्धी निर्देशिका २०८१, शववाहन सेवा व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०८२, पुनरुत्थान ऋण सहुलियत सम्बन्धी निर्देशिका २०८२, विमा सम्बन्धी नीति तथा कार्यविधी, संरक्षीत पूँजीकोष वितरण निर्देशिका, शेयर लाभांश वितरण नीति तथा कार्यविधी, सेवा महशुल भुक्तानी सुविधा नीति तथा कार्यविधी, मानव संसाधन नीति तथा कार्यविधी २०७६, पुनर्लेखन २०८२, सहकारी शिक्षा तथा तालिम सञ्चालन सम्बन्धी कार्यविधी, नगद व्यवस्थापन कार्यविधी निर्माण गरि सञ्चालक समितिबाट स्विकृत गरि लागु गरिएको छ । उल्लेखित कार्यविधीहरुलाइ अनुमोदनका लागि पनी म यस हल समक्ष अनुरोध गर्दछु ।

**१२. सदस्य तथा उपचार राहत कार्यक्रम :**

संस्थाले यस आर्थिक बर्षमा मात्र नियमित कारोबार गर्ने सदस्यको उपचारमा तथा सदस्यको वा एकाघर परिवारका सदस्यको निधनमा तपसील बमोजिम उपचार राहत, सदस्य राहत तथा निःशुल्क शव वाहन कार्यक्रम मार्फत जम्मा रु. ४,१२,७००।- सदस्यहरुमा वितरण भएको छ ।

क) उपचार राहतकोषमार्फत

| मिति | सदस्यको नाम | उपचारको प्रकार | उपचार खर्च रकम रु. |
|---|---|---|---|
| २०८१/०८/०५ | सुसिला कुमारी कार्की | शल्याक्रया सहयोग | १५००० ।०० |
| २०८१/०८/०२ | रोहित प्रसाई | शल्याक्रया सहयोग | १५००० ।०० |
| २०८१/०८/०२ | टिकादेवि चौहान | शल्यक्रया सहयोग | १५००० ।०० |
| २०८१/११/२६ | यमुना तिवारी | शल्यक्रया सहयोग | १५००० ।०० |
| २०८१/१२/२६ | टेक बाहादुर तामाङ | शल्याक्रिया सहयोग | १५००० ।०० |
| २०८२/१२/२३ | विष्णुमाया पौडेल | शल्याक्रिया सहयोग | ७५०० ।०० |
| २०८२/०२/२३ | विमला बुढाथोकी | शल्यक्रिया सहयोग | १५००० ।०० |
| २०८१/०४/३२ | अम्बिका खड्का | सुत्केरी पोषण | ५००० ।०० |
| २०८१/०४/३२ | पुजा भारती | सुत्केरी पोषण | ५००० ।०० |
| २०८१/०८/०५ | अनिशा मगर | सुत्केरी पोषण | ५००० ।०० |
| २०८१/०९/२८ | मिनादेवि मिश्र | सुत्केरी पोषण | ५००० ।०० |
| २०८२/०३/२८ | शर्मिला गिरी | सुत्केरी पोषण | ५००० ।०० |
| २०८२/०३/२८ | मल्लिका गजुरेल | सुत्केरी पोषण | ४५०० ।०० |

ख) सदस्य राहत कोष मार्फत काज क्रियाखर्च

| मिति | सदस्यको नाम | निधन हुने परिवारका सदस्यको नाम | सम्बन्ध | रकम रु. |
|---|---|---|---|---|
| २०८१/०५/१८ | टेक्सुराम पौडेल | सावित्रा हुमागाई | श्रीमती | ३०००० |
| २०८२/०३/०८ | भुपेन्द्र विष्ट | गगां माया विष्ट | श्रीमती | ३०००० |
| २०८१/१२/३० | रामबहादुर बस्नेत | मानबहादुर बस्नेत/मनमाया बस्नेत | आमाबूवा दूवै | २०००० |
| २०८१/०४/१५ | देवी भुजेल | प्रेम कुमारी भुजेल | आमा | १०००० |
| २०८१/०५/३० | निर्मला अधिकारी | | ससूराबूबा | १०००० |
| २०८१/०८/०२ | टंकनाथ अधिकारी | कमल प्र. अधिकारी | बूबा | १०००० |
| २०८१/१२/०५ | प्रमिला थापा | देविमाया दाहाल | सासूआमा | १०००० |
| २०८२/०१/३१ | रचना गिरी | कृष्णकुमारी गिरी | सासूआमा | १०००० |
| २०८२/०२/०८ | पार्वता सुवेदी | भगवता सुवेदी | सासूआमा | १०००० |
| २०८२/०२/१३ | रेस बाहादुर बस्नेत | कर्म कमारी बस्नेत | आमा | १०००० |
| २०८१/०७/१४ | लोकनाथ तिम्सिना | क्यान्सर उपचार | स्वयम् | ७५०० |
| २०८१/१२/०५ | धनकुमारी पौडेल | देविमाया दाहाल | सासूआमा | ५००० |

| मिति | सदस्यको नाम | निधन हुने परिवारका सदस्यको नाम | सम्बन्ध | रकम रु. |
|---|---|---|---|---|
| २०८१/०८/०५ | दिपक पोखेल | रामलाल पोखेल | बूबा | १०००० |
| २०८१/०८/०१ | विजय कुँवर | जितबहादुर कुँवर | बूबा | ५००० |
| ०८२।०३/०८ | शर्मिला प्रधान | पसलमा आगलागी भएकोले सहयोग | | १०००० |

ग) शव वहानको विवरण(०८१/८२)

| क्र.स | निधन हुने सदस्य तथा निधन हुनेको परिवार सदस्यको नाम | खर्च |
|---|---|---|
| १ | गंगा माया विष्ट(स्वयम सदस्य) | ३००० |
| २ | राजकुमार शिवाको आमा | ३००० |
| ३ | दिपक पोखलको बुबा | २९०० |
| ४ | सावित्रा हुमागाई (स्वयम सदस्य) | ३५०० |
| ५ | बिजय कुवँरको बुबा | २९०० |
| ६ | श्री प्रसाद चौहान गोपाल चौहान को बुबा | २९०० |
| ७ | विजय कडरिया (स्वयम सदस्य) | २९०० |
| ८ | मनमाया बस्नेत | २९०० |
| ९ | कर्म कुमारी बस्नेत | २९०० |
| १० | कौशीला देवि बराल | २९०० |
| ११ | कुन्ता देवि भण्डारीको सासुआमा | २९०० |
| १२ | अम्बिका खतिवडाको सासुआमा | ३००० |
| १३ | लाल बहादुर रसाइली | २९०० |
| १४ | यसुधर कोइराला | २९०० |
| १५ | गौरीमाया न्यौपाने फुपुसासु | २९०० |
| १६ | लक्ष्मी मिश्र | २९०० |
| १७ | खेम खरेल | २९०० |
| १८ | जल बहादुर बस्नेत | २९०० |
| १९ | प्रमिला भटट्राईको सासुराबा | २९०० |
| २० | उमा मिश्रको सासुराबा | २९०० |
| २१ | सुसीला पराजुलीको सासुराबा | २९०० |
| २२ | राधिका कट्वालको सासुराबा | २९०० |
| २३ | नन्दलाल अधिकारी | ३५०० |
| जम्मा | | ६८२०० |

घ) यस वर्ष सम्ममा भएको सदस्य राहत तथा शववाहन सुविधा वितरण

| राहतको प्रकार | स्रोत | गत बर्ष सम्मको | यस बर्ष | यस बर्ष सम्मको |
|---|---|---|---|---|
| सदस्य राहत (काजकिरिया खर्च तथा विपद सहयोग) | सदस्य राहत कोष २०.५.४ | ३२०००० | १८७५०० | ५०७५०० |
| उपचार राहत तथा सुत्केरी पोषण खर्च | उपचार राहत कोष २०.५.५ | २५६८०० | १२७००० | ३८३८०० |
| बचत राहत खर्च | बचत राहत कोष २०.५.६ | ३०००० | ३०००० | ६०००० |
| शव वाहन सुविधा | खर्च १५०.१६.४ | ५५९०० | ६८२०० | १२४१०० |
| | जम्मा | ६,५२,७०० | ४,१२,७०० | १०,७५,४०० |

उपस्थित शेयरधनी महानुभावहरु

सम्पूर्ण सदस्यहरुको संस्था प्रतिको भरोसा, माया र सहयोगका कारणले गत वर्षको तुलनामा सवै कोष तथा सूचांकहरु उच्च वृद्धिदरका साथ वृद्धि भएका छन् । यसरी संस्थाको वित्तीय विश्लेषण गर्दा संस्थाले उत्साहजनक उपलब्धि हासिल गरेको छ । जुन कुराको लेखा समिति प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदनले पनि पुष्टि गरेको छ । यसरी वित्तीय विवरण राम्रो हुँदै जानुमा सदस्यको मुख्य भूमिका रहन्छ, सदस्यज्यूहरुको साथ, सहयोग, भरोसाका साथ साथै संस्थामा भएका उत्प्रेरित कर्मचारी, संस्थाको मजबुत वित्तीय संरचना, विज्ञहरुको उचित राय सल्लाह आदिका कारण संस्थालाई छुट्टै पहिचान सहितको अब्बल संस्था बनाउन हामी सहित अब आउने सञ्चालक समिति कटिबद्ध छौं ।

संस्था संचालनमा सञ्चालक समिति को भुमिका अनिवार्य र अति महत्वपूर्ण हुन्छ । संस्थाका संचालनको लागि समय समयमा विविध निणर्यहरु गर्नुपर्ने हुन्छ, कतिपय निर्णयहरु तत्काल गरीएन भने संस्था संचालनमा समस्या उत्पन्न हुन्छ तसर्थ हाम्रो संचालक समितिको बैठक मासिक नियमित एउटा बैठक अनिवार्य बस्छ, भने आवश्यकता अनुसार आकस्मिक बैठक बसेर समेत समयमा नै निर्णय गरी दैनिक कार्य सञ्चालनमा सहजता प्रदान गरीरहेको छौं । यस आर्थिक बर्ष भरमा संचालक समितिका नियमित बैठक १२ वटा बसिए भने आकस्मिक बैठक १३ वटा गरी जम्मा २५ वटा बैठक बसेका छौं जसमा संचालक समितिको सक्रियता तपसील बमोजिम रहेको छ । मासिक बैठक जति पटक बसेपनि संचालक समिति र व्यवस्थापकले पाउने बैठक भत्ता नियमित बैठक बापतको मासिक १००० बाट १५० कर काटी रु. ८५० मात्र रहेको पनि यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

| सि. नं. | नाम थर | पद | उपस्थिति संख्या | सि. नं. | नाम थर | पद | उपस्थिति संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नन्दमान भट्टराई | अध्यक्ष | २४ | ७ | रुपमाया राई | सदस्य | १९ |
| २ | राजनवाग्ले | उपाध्यक्ष | ० | ८ | टेकबहादुर तामाङ | सदस्य | २० |
| ३ | खगेन्द्र कुवँर | सचिव | १५ | ९ | नरेन्द्र न्यौपाने खत्रि | सदस्य | ८ |
| ४ | शान्ताविष्ट | कोषाध्यक्ष | २३ | १० | गौरि प्रसादभण्डारी | सदस्य | १८ |

| सि. नं. | नाम थर | पद | उपस्थिति संख्या | सि. नं. | नाम थर | पद | उपस्थिति संख्या |
|---|---|---|---|---|---|---|---|
| ५ | हृदयकुमारि सङ्ग्रैला | सदस्य | २१ | ११ | खड्ग बहादुर विष्ट | सदस्य | १६ |
| ६ | चिरञ्जिवीसिग्देल | सदस्य | १४ | | | | |

यस संस्थाको दिगो विकास र प्रगतिको लागि जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, जिल्ला बचत तथा ऋण सहकारी संघ झापा तथा नेफ्स्कुन लगायत नियामक निकायले समय-समयमा गरेको मार्ग-दर्शन तथा सुझाव प्रति आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि रचनात्मक सुझाव, सल्लाहहरुको अपेक्षा गर्दछु ।

अन्त्यमा यस संस्थाको निम्तो स्वीकार गरी आफ्नो व्यस्त समयलाई कटौती गरी उपस्थित भईदिनु भएका प्रमुख अतिथि, विशेष अतिथि र अतिथिज्यूहरु, यो तेह्रौ वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरीमा बढाई दिनु भएकोमा यहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । संस्थाको हरेक जिम्मेवारीलाई पूरा गर्न निरन्तर लागिरहनुहुने संचालक समिति, विभिन्न उप-समिति, टोल समितिहरु र संस्थामा कार्यरत कर्मचारीहरुले दैनिक कार्यमा पुऱ्याएको योगदान तथा मेहनत प्रति धन्यवाद दिन चाहन्छु । साथै आजको कार्यक्रम सफल पार्न आ-आफ्नो जिम्मेवारी सहर्ष स्वीकारी पूरा गरि दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । आजको बाह्रौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

जय सहकारी ।

मिति : २०८२/०८/१५ गते सोमबार

स्थान : आदर्श वेङ्क्वेट, पुरानो भद्रपुर रोड, झापा

नन्दमान भट्टराई (नरेश)
अध्यक्ष
आबद्धबचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-५, झापा

# सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा १३ औं वार्षिक साधारण सभामा

## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
## विर्तामोड-५, झापाको
## वार्षिक कार्यक्रम, कार्य योजना र अनुमानित आम्दानी खर्च विवरण (बजेट) २०८२

आदरणीय शेयर सदस्य तथा उपस्थित महानुभावहरु,

आज सम्पन्न हुन गइरहेको यस संस्थाको १३ औं वार्षिक साधारण सभामा पुनः यहाँहरु सबैलाई स्वागत गर्न पाउँदा खुसी लागेको छ । यस गरीमामय साधारण सभामा सबैको सकारात्मक सहयोग तथा आलोचना र सुझावबाट हामी सबैलाई मार्ग निर्देशन हुनेछ, भन्ने कुरामा हामी विश्वस्त छौं ।

संस्थाले बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा अघिल्लो बर्षको वास्तविक उपलब्धिका आधारमा आ.व. २०८२/०८३ को वार्षिक बजेट तर्जुमा गरीएको छ ।

**बजेट तथाकार्यक्रमको उद्देश्य**

यस बजेट तथाकार्यक्रमको उद्देश्य संस्थाको बार्षिक कारोबार, आय व्यय, प्राप्ति भुक्तानी आदिको अनुमान गरी नाफा नोक्सानको लक्ष्य कायम गर्नु, सञ्चालक तथा व्यवस्थापनको निर्णय तथा कार्ययोजनालाई मार्गदर्शन गर्नु, हरेक समिति तथा कर्मचारीहरुलाई संस्थाको लक्ष्य प्राप्ति सम्बन्धि सामुहिक तथा व्यक्तिगत रुपमा जिम्मेवारी प्रदान गर्नु, समग्र संस्थाको आर्थिक सूचकाङ्कहरुको समीकरण मिल्ने गरी आर्थिक बृद्धिको लक्ष्य कायम गर्नु आदि रहेकाछन् ।

**क) वार्षिक निति तथा कार्यक्रमहरु :**

१. **सहकारी गतिविधिमा संलग्नता र सहकारी एकीकरण सम्बन्धमा :**

सहकारी हित सम्बन्धी कुनैपनि योजना वा नीतिगत व्यवस्था भएका काम कारबाहीमा सहकारी/सहकारी बीच आपसी सद्भाव कायम हुने र समय सापेक्ष सहकारीसँग सम्बन्धित कारोबारमा आवश्यक शेयर खरिद गरी सहकारी गतिविधिमा जानु पर्ने प्रस्ताव पेश गर्दछु । साथै सहकारी अभियानलाई उच्च स्तरमा राख्दै "एकका लागि सबै, सबैका लागि एक" नारालाई प्रत्याभूति गराउन सहकारी एकीकरणद्वारा यस संस्थाको तर्फबाट अन्य उपयुक्त सहकारी संस्थासँग एकीकरणको कार्यको काम कारबाहि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्दछु ।

२. **जीवन विमा सम्बन्धमा :**

ऋणी सदस्यहरुलाई विगत वर्ष देखि कर्जा रकम अनुसारको जीवन विमा विभिन्न कम्पनि मार्फत गरीदै आएकोमा आवश्यक प्रक्रिया पुर्याई संस्थालाई सहज र सदस्य हितलाई ध्यानमा राखी जुनसुकै बिमा कम्पनिबाट पनि संस्थागत वा संस्थाले तोकेको व्यक्तिबाट अभिकर्ता लिई यसलाई निरन्तरताका दिईनेछ । हाल सम्म ऋण विमा गरेकै कारण संस्थाले सदस्यको निधन हुँदा रु. १६ लाख ऋण रकम मिनाहा गर्न सफल भएका छौं । पछिल्लो समय १० लाख भन्दा माथिको ऋणको ऐच्छिक गरेको पनि यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु । यस वर्षबाट रु. २०,०००।- भन्दा बढी सेयर हुने सदस्यहरुको समेत विमा गरीने व्यहोरा जानकारी गराउन चाहन्छु ।

३. **निस्कृय शेयर सदस्यहरु सम्बन्धमा :**

निस्कृय शेयर सदस्यहरुले सदस्यता मात्र ओगट्ने तर सहकारीको कुनैपनि कारोबार तथा कृयाकलापमा सहभागीनहुने भएकोले सदस्यता सम्बन्धी कार्यविधी अनुसार यस्ता शेयर सदस्यहरुले संख्यात्मक वृद्धि देखाएपनि गुणस्तर प्रदान नगर्ने भएकोले त्यस्ता शेयर सदस्यहरु आगामी कार्यसमिति तथा उपसमितिमा उम्मेद्वार हुन अयोग्य हुने र संस्थाले प्रदान गर्ने सेवा सुविधा र कार्यक्रमहरुबाट बञ्चित गरीने भएकोले सदस्यज्यूहरुलाई नियमित बचत कारोबार मार्फत सक्रिय सदस्य भई संस्थाले राखेको लक्ष्य हासिलमा सहयोग गरीदिनुहुन अनुरोध गर्दछु । संस्थाले सदस्यको सङ्ख्यात्मक बृद्धि भन्दा पनि गुणात्मक बृद्धिको निति लिएको छ तथापि यो आर्थिक वर्षमा सदस्य संख्या २९४३ बाट बृद्धि गरी ३३०० पुऱ्याउने लक्ष्य लिईएको जानकारी गराउँदछु ।

४. **पुरस्कार तथा सम्मान**

यस संस्थाले यस सहकारीमा कारोबार गर्ने सदस्यहरुलाई विभिन्न विधामा उत्कृष्ट व्यक्तित्वहरुलाई क्रमैसँग बचतकर्ता, उत्कृष्टकारोबार गर्ने सदस्य, गरिब तथा विपन्न सदस्य सहयोग, शिक्षा क्षेत्रमा शेयर सदस्यहरुको नानीहरुबाट संस्थागत र सामुदायिक विद्यालयबाट एस.ई.ई.मा उत्कृष्ट विद्यार्थी छात्र-२, छात्रा-२, बर्ष उत्कृष्ट कर्मचारी-१, स्थानिय पत्रकार मध्येबाट १ जनाको पहिचान गरी सम्मान तथा पुरस्कृत गर्ने नीतिलिई यसले निरन्तरता पाउने प्रतिबद्धता पनि जाहेर गर्दछु ।

५. **तालिम व्यवस्था/शिक्षा तथा स्वास्थ्य गोष्ठी सम्बन्धमा :**

संस्थाको हक र हितलाई ध्यानमा राखी आवस्यकता र औचित्यको आधारमा समय-समयमा सञ्चालकहरु कर्मचारीहरु तथा सदस्यहरुलाई तालिम/सहकारी शिक्षा कार्यक्रम, सहकारी भ्रमण अवलोकन तथा सदस्यहरुको बालबालिकालाई शिक्षा तथा स्वास्थ्य सम्बन्धित गोष्ठीको व्यवस्था गरी कार्यन्वयन गरीने छ ।

६. **स्वास्थ्य कार्ड मार्फत छुट सुविधा**

संस्थामा नियमित कारोबार गर्ने सदस्यहरुलाई मनमोहन अस्पताल, पाथिभरा डेण्टल, एनआरएलमा ल्याब सेवा, चिमरिया क्लिनिक कालिस्थान, शनिश्चरे डाईग्नोष्टिक सेण्टर, प्रयास क्लिनिक, लाईफ क्वेष्ट क्लिनिकल ल्याब लगायतसँग समन्वय गरी १० देखि ३० प्रतिशत सम्म छुटको व्यवस्था गरेका छौँ, जसका लागि संस्थाबाट निःशुल्क स्वास्थ्य कार्ड लिनका लागिपनि अनुरोध गर्दछु । यस बर्ष सम्पूर्ण सेवा प्रदायकसँग सम्झौता नविकरण गरी थप व्यवस्थित बनाईने छ ।

७. **सदस्यता सहित स्वागत कार्यक्रम**

संस्थाको कार्यक्षेत्रमा अन्य ठाउँबाट बसाईँसरी आउने तथा यस कार्यक्षेत्रमा सदस्यको बुहारीको रुपमा भित्रिने बुहारीलाई संस्थाको तर्फबाट रु. ५०० को शेयर रकम सहितको सदस्यता प्रस्तावना पत्र प्रदान गरीनेछ । जसका लागि टोल समितिसँग समन्वय गरी सदस्यता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता गरीनेछ ।

८. **विपतमा परेका तथा विशेष सदस्य सहुलियत ऋण कार्यक्रम**

यस बर्षबाट संस्थाले अपाङ्गता भएका तथा फरक क्षमता भएका सदस्यहरुलाई विशेष सदस्यको रुपमा निजहरुको आवश्यकता र संस्था सँगको कारोबारलाई ध्यानमा राख्दै १० प्रतिशत व्याजदरमा ऋण उपलब्ध गराउने छ । साथै सदस्यको घर तथा व्यवसायमा आगलागी, पहिरो तथा प्राकृतिक विपत्तिमा परी पूर्ण रुपमा क्षति भई विपतको सामना गर्नुपरेमा संस्थाले आवश्यक प्रक्रिया पुऱ्याई रु. १० लाख सम्म ऋण १० प्रतिशतमा नै उपलब्ध गराउनेछ । रु. १५०००० सम्म ऋण विपद् कर्जा को रुपमा साधारण बचतमा दिइने (हाल २

%) व्याजदरमा नै १ बर्षका लागि जमानी तथा विगतको कारोबारका आधारमा ऋण उपलब्ध गराउनेछ ।

**९. जन्म देखि मृत्यु पर्यन्त आबद्धको साथ**

विगत केही बर्ष देखि सुरु भएको जन्म देखि मृत्यु पर्यन्त आबद्धको साथ कार्यक्रम सञ्चालन अन्तर्गत तपसील बमोजिम रहेको कार्यक्रमलाई परिमार्जन सहित निरन्तरताका लागि यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

**क) जन्ममा**

सदस्य सुत्केरी हुँदा रु. ५०००।- सुत्केरी भत्ता साथै अन्य सदस्यको बच्चाको नाममा मासिक न्युनतम रु. ५००/- बराबरको नानीबाबु बचतको सुरुवात संस्थाबाट गरी बचत प्रोत्साहनलाई प्राथमिकता दिने छ ।

**ख) बाल अवस्थामा**

बालबालिकालाई सानै देखि बचत गर्ने बानीको बिकास गर्नका लागि संथाले खुत्रुके, जन्मदिनमा केक उपहार सहित उत्कृष्ट व्याजदरका साथ नानिबाबु बचत खाता सञ्चालनमा ल्याएको छ ।

**ग) युवा अवस्थामा**

युवा स्वरोजगार तथा सिपमूलक कार्यक्रम मार्फत युवा उद्यमलाई  प्रोत्साहन गरीने छ ।

**घ) बृद्ध अवस्थामा**

बृद्ध तथा एकल सदस्यहरुलाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बार्षिक रु. ६०००।- तथा आबद्ध पेन्सन बचत योजना मार्फत निरन्तर सदस्यलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन संस्था कटिबद्ध रहने छ ।

**ङ) मृत्युमा**

एकाघरका सदस्यको निधन हुँदा शववाहन सहयोग साथमा राहत कोष मार्फत क्रिया खर्च तथा समवेदना र श्रद्धाञ्जली कार्यक्रममा संस्थाको तर्फबाट सहभागिता जनाई संस्था सदस्यसँग नजिक रहने छ साथै संस्थामा नियमित बचत गर्ने सदस्यको सेयर रकमको आधारमा रु. २०,०००।- देखि रु. ४९,९००।- सम्म सेयर हुने सदस्यको निधनमा रु. ५०,०००।- र रु. ५०,०००।- भन्दा माथि सेयर हुने सेयर सदस्यको निधनमा रु. १,००,०००।- सहयोग गरीनेछ ।

**च) मृत्यु पश्चात्**

सम्बन्धित बचत निरन्तर गर्ने सदस्यका परिवारलाई आजीवन पेन्सन वितरण गरीने छ ।

**छ) उपचार सुविधा**

सबै उमेर समुहका नियमित बचत कारोबार गर्ने सदस्यहरुलाई उपचार राहत कोष कार्यविधी अनुसार रु. १५०००।- सम्म उपचार सुविधा उपलब्ध गराउँदै आईरहेको समेत जानकारी गराउँछौ, उक्त उपचार सुविधामा यस बर्षबाट सर्पले टोकेको उपचारमा समेत विल बराबरको रकम वा बढिमा रु. १५००० सम्म सहयोग गर्ने कुराको जानकारि गराउँछौ । साथै निरन्तर बचत गरी संस्थाबाट पाउने सेवा सुविधाको अधिकतम लाभ लिनुहुन समेत अनुरोध गर्छौ । साथै गत वर्ष बाट संस्थामा २०१०० शेयर रकम भई नियमित बचत कारोबार गर्नुहुने सदस्य विरामी भई ४८ घण्टा भन्दा बढि अस्पताल भर्ना भई बस्नुपर्दा रु. ५००० उपचार खर्च उपलब्ध गराउने हुँदा तोकेको शेयर पुऱ्याई नियमित बचत गर्नुहुन अनुरोध

गर्दछु ।

**१०. प्रविधि व्यवस्थापन :**

संस्थाको लेखालाई व्यवस्थित गर्न अत्याधुनिक लेखा सफ्टवेयरको प्रयोग गरीएको छ । डाटालाई क्लाउडमा सुरक्षित गरीएको छ। संस्थाले मोवाइल बैंकिङ्ग र QR सेवा उपलब्ध गरीरहेको छ। दैनिक कलेक्सन सेवालाई उच्चस्तरीय र विश्वसनीय बनाउन मोबाइलबाट कलेक्सन हुने सेवा सञ्चालन गरीएको छ। आगामी दिनमा ईसेवा, खल्ती, आईएमई पे वालेट र नेपाल क्लियरिङ हाउसको Connect IPS मार्फत सहकारीको आफ्नो खातामा सिधै रकम जम्मा गर्ने व्यवस्था मिलाउन पहल गरीनेछ । सदस्यलाई सहजताको लागि रकम जम्मा र झिक्न eTeller सञ्चालन गरीने छ। संस्थाको वेबसाइट लाई अझ ब्यवस्थित बनाइने छ।

**ख) अन्यकार्य तथायोजनाहरु :**

- सदस्यहरु वा सदस्यहरुको एकाघर परिवारका सदस्यको मृत्यु हुँदा राहत कोष कार्यविधि २०७८ (पुनःलेखन) अनुसार रु. ५००० देखि १,१०,००० सम्म राहत रकम उपलब्ध गराईने छ।
- संस्थाको कार्य क्षेत्र भित्र रहेका सार्वजनिक स्थानहरुमा संस्थाले छ वटा स्टेन सहितका डस्टविन सौजन्य गरीनेछ ।
- सदस्य लक्षित सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम कम्तिमा ६ वटा सञ्चालन गरी सदस्यहरुलाई संस्थाका सेवा सुविधा तथा सहकारि सम्बन्धि शिक्षा प्रदान गरीन्छ ।
- त्रैमासिक रुपमा समिक्षा कार्यक्रम गरी कर्मचारिलाई नयाँ लक्ष प्रदान गर्ने तथा पुनतार्जगी गरीनेछ
- आगलागि तथा दैविक प्रकोपमा परेका सदस्य तथा विपन्न परिवारलाई बढिमा दश हजार सम्म लागि आर्थिक सहयोग गर्ने
- सदस्य शिक्षा कार्याक्रममा सहभागि हुने सदस्यहरलाई उपहारको रुपमा चियारङ वा उन्नतजातका साग सव्जिको विउविजन वितरण गरीने छ।
- वार्षिक रुपमा गर्दै आएका चाडबाड बिशेष कार्यक्रमलाई निरन्तरता दिईने छ।

सम्मानित सदस्य महानुभावहरु :

अब हामी यस आर्थिक वर्षसम्ममा संस्थाले गरेको प्रगति विवरण र आगामी लक्ष्य निम्न अनुसार राखेका छौं ।

२०८१/०८२ को प्रगति विवरण र आगामि आर्थिक वर्ष २०८२/०८३ का लागि लक्ष्य

बित्तीय स्थितिको बिवरण (वासलात)

| पुंजी तथा दायित्व | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त |
|---|---|---|---|
| | यथार्थ | यथार्थ | अनुमानित |
| शेयर पूँजी हिसाब | ३०३०४८०० | ३११९५६०० | ३२८००००० |
| कोष हिसाब (जगेडा तथा अन्य कोषहरु) | ५३४२६४०२ | ६८९४९१७६.२७ | ८७७३२०६० |
| बचत तथा निक्षेप हिसाब | १८७४४२८५५.७ | २२९३९६१३६.८ | २८५०७०७५९ |
| बाह्य ऋण तथा सापटी | १०००००० | ० | ० |
| चालु दायित्व | ५१६७७८८.०५ | ५१७३२११.१५ | ५९९३१०५ |

| पुंजी तथा दायित्व | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त |
|---|---|---|---|
| | यथार्थ | यथार्थ | अनुमानित |
| आयकर दायित्व | ११२६९६१.२८ | १३५६०७६.४५ | २५०३८३ |
| दिर्घकालिन दायित्व | १८७०४६८४.२८ | १७३७६०८८.७ | १५०३६६५९ |
| स्थगन कर दायित्व | २०५०४ | ३२६४०.६३ | ४२६५० |
| जम्मा पुंजी तथा दायित्व | २९७१९३९९५.३ | ३५३४७८९३० | ४२६९२५६१६ |
| नगद मौंज्दात | ३७८४७० | ३०६३८० | ४००००० |
| बैंक मौंज्दात | ५३२८२३८८.११ | ६८९४६९०४.९२ | ८२८३४००० |
| लगानी हिसाब | ५२४७०० | ५२४७०० | ५२४७०० |
| कर्जा तथा सापट लगानी | २२०९८६५००.६ | २५८५५७२८९.६ | ३१७७०८२३६ |
| चालु सम्पत्ति (पाउनुपर्ने ब्याज /पेस्की) | १९६९०८११.१४ | १७७३८११४.८७ | १५४१०७२९ |
| स्थिर सम्पत्ति (खुद) | २३३११२५.४ | २१२६३५१.०८ | २५४७९५१ |
| गैर बैंकिंग संपति | ० | ५२७९१८९.५ | ७५००००० |
| जम्मा सम्पती | २९७१९३९९५.२ | ३५३४७८९३० | ४२६९२५६१६ |

उपस्थित महानुभावहरु,

अब हामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित वार्षिक आर्थिक क्रियाकलापबाट निम्नानुसारको आम्दानी खर्च हुने अनुमानलाई यहाँहरु समक्ष अनुमोदनका निम्ति पेशगर्न चाहन्छौं ।

"बजेट"

आ.व. २०८२/०८३ को वार्षिक आय-व्ययको अनुमान

| विवरण | (हि.न.) | "२०८२ असार यथार्थ" | २०८३ असार मसान्त लक्ष्य" |
|---|---|---|---|
| कर्मचारी तलव भत्ता खर्च | १५०.८.१ | ४८५६२६४.७१ | ६०६८४९३.४३६ |
| कर्मचारी चाडपर्व खर्च | १५०.८.३ | २९११५० | ३८९३८० |
| कर्मचारी उपदान खर्च | १५०.८.४ | ३२०३५७.६७ | ६१४३८९.०३७ |
| बचतमा ब्याज खर्च | १५०.९.१ | १४०६४४९४.७ | १९५००००० |
| ऋणमा ब्याज खर्च | १५०.९.२ | ५४१३९.४५ | ० |
| समिति उपसमिति बैठक खर्च | १५०.१२ | १३६४६३.३५ | ३८८४४० |
| घर भाडा खर्च | १५०.१७.१ | ४६७१२४.४८ | ४६८००० |
| स्टेशनरी तथा मसलन्द | १५०.१७.२ | ३२७५२५ | ५४९००८ |
| मर्मत संहार खर्च | १५०.१७.३ | ३१४१५ | ५५१९७.५ |

| विवरण | (हि.न.) | “२०८२ असार यथार्थ” | २०८३ असार मसान्त लक्ष्य” |
|---|---|---|---|
| ह्रासकटी खर्च | १५०.१७.४ | ३९६४४६.७ | ४७५७३६.०४ |
| इन्धन तथा यातायात खर्च | १५०.१७.५ | ११४८७१.३३ | १६७१५५.९९६ |
| विधुत महशुल खर्च | १५०.१७.६ | १०४८९१.३ | १६११३७.९५ |
| पानी तथा सरसफाई खर्च | १५०.१७.७ | २३२४० | ५६९२ |
| सञ्चार महसुल खर्च | १५०.१७.८ | १५०७०० | १८०५९० |
| अतिथि सत्कार खर्च | १५०.१७.९ | ५३०९० | ९८३८७ |
| सदस्यता / प्रवेश शुल्क खर्च | १५०.१७.१० | १७६८६७ | १७२५५३.७ |
| लेखापरीक्षण खर्च | १५०.१७.११ | १३७१५० | ९०००० |
| बैकं चार्ज खर्च | १५०.१७.१२ | २२५३.७३ | ३००० |
| ज्याला खर्च | १५०.३ | ६७६९०.२ | ७२००० |
| साधारण सभा खर्च | १५०.१३ | ३८६४४० | ३५०००० |
| सहकारी शिक्षा खर्च | १५०.१४.१ | १६७१० | १८३८१ |
| भर्ना सँग सम्बन्धीत खर्च | १५०.१४.२ | ४०४८० | ४४५२८ |
| नीति र आधिकारिक कागजात तयार गर्ने खर्च | १५०.१४.३ | ७०००० | ३०००० |
| सहकारी भ्रमण तथा अवलोकन खर्च | १५०.१४.४ | ३०००० | ३५००० |
| कर्मचारी तालिम खर्च | १५०.१४.५ | ० | ६१५०० |
| पर्व खर्च | १५०.१६.१ | ४५७९० | ९५००० |
| सामाजिक खर्च | १५०.१६.२ | ९२५० | १०००० |
| शव बहान खर्च | १५०.१६.४ | ६८२०० | ८१८४० |
| समबेदन खर्च | १५०.१६.५ | १९२६५ | २३११८ |
| सदस्य स्वागत कार्यक्रम खर्च | १५०.१६.६ | १५०० | ५००० |
| सहकारी प्रवर्द्धन र विज्ञापन खर्च | १५०.१८.१ | २०४२५ | ६०८५० |
| ऋण नोक्सानी सुरक्षण खर्च | १५०.१८.४ | १०४८६० | २०९७२० |
| कर्जा जोखिम खर्च | १५०.१९ | २८९८५११.३६ | १०५०००० |
| अपलेखन / नोक्सानी सामान खर्च | १५०.२ | ५४२५.६२ | २३५६० |
| हर्जना छुट खर्च | १५०.२१ | ११७२०४.२८ | १२०००० |
| कर्जा असूली सम्बन्धी खर्च | १५०.२२.२ | २१८३४४.५ | ४३६६८९ |
| विविध खर्च | १५०.२३.२ | ४७९७.८३ | ६००० |
| बीमा खर्च | १५०.२३.१७ | ३०६३४.७५ | ४५००० |

| विवरण | (हि.न.) | "२०८२ असार यथार्थ" | २०८३ असार मसान्त लक्ष्य" |
|---|---|---|---|
| इन्टर्नशिप खाजा खर्च | १५०.२३.२२ | ७१८७.९ | १५६०० |
| कुल खर्च (क) | | २५८७११६०.८६ | ३२८७११३५.६६ |
| पास बुक बिक्रि | १६०.१.२ | १९०० | २५०० |
| स्वास्थ्य कार्ड (पुनः जारी) | १६०.१.३ | २५ | १२५ |
| पुन जारी शुल्क | १६०.१.४ | ९२५ | १०१७.५ |
| कर्जामा ब्याज | १६०.४.१ | ३७८२७३३६.५ | ४४२०९८१०.८ |
| सदस्य दर्ता | १६०.८.१ | ४० | ० |
| सदस्य प्रवेश | १६०.८.२ | ११२२५० | १२९७५० |
| फिनस्मार्ट दर्ता शुल्क | १६०.०.१ | १५३२० | १८३०० |
| फिनस्मार्ट नवीकरण शुल्क | १६०.०.२ | १४४०० | २६५०० |
| व्यस्थापन शुल्क | १६०.९.१ | ३००००० | ३६९००० |
| सेवा शुल्क | १६०.९.२ | २३७६३१५ | २९२२८६७.४५ |
| ऋण तकेता शुल्क | १६०.९.७ | ३१६७०.८२ | ३८९५५.१०८६ |
| हर्जना प्राप्त | १६०.१०.१ | ५१६७६१.२९ | ६३६८३६ |
| लगानीमा ब्याज | १६०.१३.२ | १०९४०३०.७९ | ८६५६८९ |
| शेयर लगानीबाट लाभांस प्राप्त | १६०.१४.२ | ३१५३.१३ | ३१५३.१३ |
| खाता बन्द शुल्क | १६०.१६.३ | १२१०८६.८८ | १४१०८६ |
| फिनस्मार्ट पिन रिसेट | १६०.०.३ | १४० | ४२० |
| रेमिट आम्दानी | १६०.१६.१ | ८३३४८.५९ | ९१६८३ |
| बैंक जम्मा शुल्क | १६०.१६.९ | ४००९०.७५ | ४४०९९ |
| फ्रेम बिक्री आम्दानी | १६०.१६.१० | ३०० | ३३० |
| बिबिध आम्दानी | १६०.१६.१३ | ३५९८ | ३९५७ |
| एसएमएस सेवा शुल्क | १६०.१६.१७ | ५१०० | ५६१० |
| एलआईसी बीमा) बाट कमिसन | १६०.१६.१८ | २५८३० | २८४१३ |
| कर्मचारी निबेधन शुल्क | १६०.१६.१९ | ९१०० | ८२०० |
| कमिसन प्राप्त ज्योतिलाईफ बाट | १६०.१६.२० | ३६५०० | ३२००० |
| एसएमएस सेवा शुल्क | १६०.१६.२२ | ३७०० | ३९६० |
| कुल आम्दानी (ख) | | ४२६२१९९६.७५ | ५०२७४४५१.१९ |
| कर अधिको नाफा (ख-क) | | १६७५०८३५.८९ | १७४०३३१५.५३ |

## संक्षेपमा ग्राफिकल रिपोर्ट ०७७/७८ देखि ०८१/०८२ सम्म

| विवरण | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ |
|---|---|---|---|---|---|
| बाह्य ऋण | ६८८०२१८३ | ६१८३३१५६ | २८१०७३५६ | १०००००० | ० |




| विवरण | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ |
|---|---|---|---|---|---|
| शेयर | २३७८१५०० | २५४७०४०० | २७१६०३०० | ३०३०४८०० | ३११९५६०० |
| जगेडा कोष | ५८६८२३२.८५ | १०५८१३७७.५५ | १५९५४७४३.२ | २१७४५३८९.१ | २८१७००१५ |
| अन्य कोषहरू | १७६३५१०५.७१ | २२४८९८९२.५२ | २६८४७९२१.२ | ३१६८१०१२.९ | ४०७७९१६२ |




| विवरण | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ |
|---|---|---|---|---|---|
| बचत | ८२६७२४५५.४१ | १०४९८९८१५ | १४७४१९६०७ | १८७४४२८५५.७ | २२९३९६१३६ |
| ऋण लगानी | १९०१६१८५७.४ | २०६८७१३५९.१ | २०४६९६१०१ | २२०९८६५०० | २५८५५७२८९ |



# आबद्ध बचत तथाऋण सहकारी संस्था लि.
# विर्तामोड-५, झापाको
# लेखा समितिको वार्षिक प्रतिवेदन-२०८२

आदरणीय यस संस्थाको १३औं साधारणसभाका सभाध्यक्ष महोदय, आमन्त्रित प्रमूख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, समिति तथा उप-समितिका पदाधिकारी ज्यूहरु, सल्लाहकार महोदय, पत्रकार साथीहरु तथा सम्पूर्ण उपस्थित शेयर सदस्यज्यूहरु तथा कर्मचारी साथीहरु । सर्वप्रथम आबद्ध बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारण सभाको शोभा बढाइदिन पाल्नु भएकोमा सम्पूर्ण महानुभावहरु प्रतिम यस संस्थाको लेखा समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिकताका साथ आभार व्यक्त गर्दै स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय सदस्यज्यूहरु,

यस आर्थिक वर्ष संस्थाले आर्थिक वर्षको वीचतिर अर्जुनधारा सेवाकेन्द्र र मुख्य कार्यालयको नै आन्तरिक लेखापरीक्षणका लागि सहकारी क्षेत्रमा लामो र राम्रो अनुभव लिनु भएका सिए श्री प्रज्वल अधिकारीबाट संस्थाको सुक्ष्म रुपमा लेखा परिक्षण गराएका थियौं । जसबाट संस्थामा देखिएका कमि कमजोरीहरु प्रति दिएका सुझावहरु कार्यान्वयन हुन थालेको पाएका छौं । संचालक समितिको तर्फबाट संगठित तथा आर्थिक प्रतिवेदनबाट यहाँहरुले संस्थाको प्रगतिबारे जानकारी प्राप्त गरिसक्नु भएकाले संस्थाको विनिमय बमोजिम साधारण सभा प्रति उत्तरदायी रहने लेखा समितिको तर्फबाट संस्थाको वार्षिक साधारण सभामा लेखा प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. संस्थाको हिसाब किताब दोहोरो लेखा प्रणाली अनुसार राखिएको पाइयो ।

२. संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, नगद मौज्दात, बैंक मौज्दातको कारोबारलाई वेबबेसमा आधारित सफ्टवेयर फिनास्त्रमा कारोबार राखेको पाइयो । साथै कम्प्युटरबाट हुने विभिन्न जोखिमलाई मध्यनजर गरी दिनभरको कारोबारलाई कम्प्युटरमा साथै cloud मा समेत Backup राखी अध्यावधिक (Updates) गर्दै सुरक्षितका साथ राखिएको पाइयो ।

३. सदस्यहरुलाई सेवा विविधीकरण गर्नका लागि आधारभूत सुविधा सहितको मोबाईल बैंकिङ्ग सुविधाको व्यवस्था रहेको पाईयो ।

४. संस्थाको चार खाताल गायत अन्य सम्पूर्ण हरहिसाबहरु कम्प्युटराइज गरीएको पाइयो ।

५. संस्थाले दिनभरी कारोबार गरेको सम्पूर्ण भौचरहरु तयार पारी सहायक खाताहरुमा जाने रकम प्रविष्टि गरीएको र उक्तदिनको मौज्दात रहेको नगद मौज्दात रजिष्टरमा नगद विवरण तयार पारी व्यवस्थापकबाट प्रमाणित गराई बुझाउने र बुझिलिने गरेको पाइएको छ सेवा केन्द्रमा नियमित प्रमाणित गरेको पाईएन ।

६. संस्थामा रहेका बहीखाता, श्रेस्ता, अभिलेख आदि भरपर्दो प्रभावका साथै समितिको निर्णय र लेखा समितिले बेला-बेलादिएको निर्देशनहरुको आधारमा तयार रहेको छ ।

७. संस्थाले गत वर्षदेखि नेपाल वित्तीय प्रतिवेदनमा (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गरी लेखा परीक्षण गरेको पाईयो ।

८. संस्थाले यस बर्ष आर.पि.के.एस. एसोसिएट्स चार्टड एकाउन्टेन्सबाट अर्जुनधारा सेवाकेन्द्रको मिति २०८१/१२/१७ देखि २१ गते सम्म र मुख्य कार्यालयको मिति २०८२/०१/०३ देखि १२ गते सम्म सुक्ष्म रुपमा संस्थाको आन्तरिक लेखा परीक्षण गराई उक्त परिक्षणमा देखिएका कैफियत तथा उक्त परीक्षणबाट प्राप्त सुझावहरु क्रमिक रुपमा अनुसरण गर्न थालेको पाईयो ।

आदरणीय महानुभावहरु, संस्थाको पूर्ण लेखा प्रतिवेदन, शेयर सदस्य महानुभावहरुले पाउनु नै भएको छ । लेखा समितिको हैसियतले नियमन सम्बन्धी मापदण्ड २०६९ बमोजिम म वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अनुसुची-२

लेखा समितिको वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२)

१) सहकारी संस्थाको नाम, ठेगाना :

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

२) आ.व. २०८१/०८२मा बसेको बैठक संख्यानिर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

यस आ.ब.मा बसेको बैठक संख्याः २५ पटक

निर्णयहरु सर्वसम्मत भएको र निर्णयको कार्यान्वयन प्रभावकारी रहेको पाईयो ।

३) ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

ऋण लगानी प्रक्रियागत तथा जमानी सुरक्षण वा धितो सम्बन्धी व्यवस्था पनि भएको पाईयो ।

४) सहकारी विभागबाट जारी गरीएको मापदण्डहरुको पालना र सम्बन्धी संक्षिप्त विवरण :

सहकारी ऐन २०७४ र सहकारी विनियमावली २०७५ अनुसार नै यस सहकारीबाट नियमहरु पालना भएको पाइयो ।

५) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/ सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

यस आर्थिक वर्षमा सहकारी विभाग तथा प्रदेश सहकारी रजिष्ट्र तथा सहकारी प्रशिक्षणको कार्यालयकोशीबाट भएका निर्देशनहरुको कार्यन्वयन भईरहेको पाईयो । साथै विर्तामोड नगरपालिका सहकारी शाखा, जिल्ला बचत संघ, जिल्ला सहकारी संघ, नेफ्स्कुन तथा नियामक निकायमा समय समयमा बुझाउनुपर्ने प्रतिवेदनहरु बुझाएको पाइयो ।

६) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

६.१ पारिश्रमिक : लिएको पाइएन ।

६.२ भत्ता : बैठक भत्ता मासिक नियमित बैठकमा प्रति सञ्चालक सदस्य रु १००० का दरले बैठक भत्ता लिएको पाइयो । नियमित बैठकमा व्यवस्थापकले समेत नियमित बैठकमा प्रति बैठक रु १००० का दरले बैठक भत्ता लिएको पाइयो । सेवाकेन्द्र सञ्चालक समिति पदाधिकारीले मासिक रु. ५०० का दरले बैठक भत्ता लिएको पाइयो । बैठक भत्ता तोकिएको समय भित्र उपस्थित हुने सञ्चालकले मात्र पाउने व्यवस्था रहेको पाईयो ।

६.३ अन्य सुविधाहरु : लिएको पाइएन ।

७) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको ।

- भएको

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको ।

- ल्याईएको

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको/नभएको

- भर्ना प्रक्रियापारदर्शिता र प्रतिष्पर्धी भएको

७.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच समन्वय रहेको/नरहेको

- समन्वय रहेको

७.५ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या

१) करार : ३ २)अस्थायी : ३ ३) स्थायी : ९ जना

८) लेखा समितिले यस अधिदिइएकाप्रतिवेदनबमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

यस आ.व. मादिएका सुझावहरु कार्यान्वयन भएको र केही सुझावहरु आशिंक कार्यान्वयन भएको पाइयो ।

९) संस्थाबाट हुने सम्पूर्ण खर्चहरुको बिल भरपाई अनुसार नै खर्च भएको र बिल भरपाइ सुरक्षित राखेको पाईयो ।

१०) संस्थाको अर्जुनधारा सेवाकेन्द्र मा भए गरेका खर्चहरु साथै साना कार्यालय खर्चहरु सानो नगदि कोषबाट भुक्तानी गरी मासिक खर्च लेख्ने गरेको पाईयो ।

११) संस्थाबाट हुने खर्चहरुमा रु ५०००/- सम्म व्यवस्थापकबाट, ५००० देखि माथि रु ३०,०००/- सम्म आर्थिक समितिबाट र सो भन्दा माथि सञ्चालक समितिको निर्णय भई डाक बढाबढ (कोटेशन) प्रक्रियाद्वारा आर्थिक समिति मार्फत पारदर्शी तरिकाले खर्च हुने गरेको पाईयो ।

लेखा समिति

संयोजक : सिर्जना खतिवडा

सदस्यः सहनलाल राजवंशी

सदस्य : गोपालचौहान

**P.R.B. & ASSOCIATE**
REGISTERED AUDITORS

Registration No:3530
Certificate No:0495
Membership No:4619
PAN No:300994230
Birtamod-05,Jhapa

**वित्तीय विवरण सम्बन्धमा लेखापरीक्षकको टीप्पणी (Auditor's Note for Financial Statements) :**

संस्थाको वित्तीय विवरण सम्बन्धमा संस्थाको गुणस्तर र सुधारका लागि आवश्यक सुभाव तथा टीप्पणीहरु निम्न अनुसार प्रस्तुत गरेका छौं:

१. नेपाल लेखापरीक्षणमानले तोकेको सीमा, क्षेत्र तथा प्रकृया भित्र रही सहकारी संस्थाको कुनै किसिमको प्रभावबाट पुर्णरुपमा स्वतन्त्र अवस्थामा लेखापरीक्षणको सिलसिलामा अपनाउनु पर्ने आवश्यकताहरुको आधारमा तथा उपलब्ध भएका भौचरहरु मध्येबाट नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

२. यो संस्था सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७५ को मातहतमा रही संस्थामा भएको विधान अनुसार आफ्नो कार्यक्षेत्र र शेयर सदस्यहरुमा मात्र आर्थिक कारोबार गरेको पाईयो ।

३. यस संस्थाले आ.ब. २०८०/०८१ मा पहिलो पटक नेपाल लेखामान लागु गरी पुरानो लेखा नीतिमा परिवर्तन गरेको छ । चालु वर्ष लेखामान नीति अनुसार नैं प्रतिवेदन गरिएको छ ।

४. हामीले यस संस्थाको बाह्य लेखापरीक्षण कार्य तहां संस्थाको साधारण सभाको निर्णय तथा संस्थाको मिति २०८१/०४/१० च.नं. १६/०८२/०८३ को पत्र अनुसार सम्पन्न गरेका छौं, जुन कार्य गर्न सहकारी ऐन २०७४ को दफा ७७ अनुसार अयोग्य नरहेको समेत जानकारी गराउंदछौं ।

५.संस्थाले आर्थिक कारोवारहरु कम्प्यूटर सफ्टवेयर्समा अधावधिक गरेको र हाम्रो लेखापरीक्षण कार्यमा सोही सफ्टवयर प्रणालीबाट प्राप्त सन्तुलन परीक्षण, नाफा नोक्सान, वासलात र यी विवरणसं सम्बन्धित विस्तृत जानकारी प्राप्त हुने सफ्टवयर प्रतिवेदन (Output Report) लाई समेत आधार मानी संस्थाको वित्तीय विवरण प्रमाणीकरण गरेको छौं ।

६. हामीले प्रणालीबाट प्राप्त सन्तुलन परीक्षण (Trial Balance) का केही आंकडाहरुलाई नमूना छनौट गरी प्रणाली भित्रकै विस्तृत विवरणसंग भिडान जांच्ने क्रममा फरक परेको जानकारीमा आएन ।

७. सहकारी संघ संस्थाहरुलाई "सम्पत्ति सुद्धीकरण निवारण सम्बन्धी जारी गरिएको निर्देशन२०७४"का निर्देशनहरु र हाल सहकारी विभागले निर्देशन गरे अनुसार google Forms मा संस्थालाई प्रविष्टी गराई सोही अनुसारको नीति पालना गर्न सुझाव छ ।

८. संस्थाको बिभिन्न कोषको रकम संस्थाको समितिको निर्णय बमोजिम खर्च गर्ने गरेको पाइयो । संस्थाको कोष परिचालन सम्बन्धमा छुट्टै कार्य विधि बनाई कार्य विधि अनुसार कोष परिचालन हुन हाम्रो सुझाव रहेको छ ।

९. ऐनको दफा ५०उपदफा ४ बमोजिम बचत र ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशतभन्दा बढी हुनु नहुने प्रावधानको पालना भएको छ ।

१०. काउन्टर तथा ढिकुटी बीमा गरिएको छ ।

११. नगदको मार्गस्थ बीमा गरिएको छैन ।

१२. २०८२ आषाढ मसान्तमा बाँडफाँड पछिको प्राथमिक पुँजीकोषको र निक्षेप संकलनको सिमा भित्रै रहेको देखिन्छ ।

१३. बोनस ऐन,२०३० को दफा ६ माउल्लेख भएबमोजिम कर्मचारीको बोनसका लागि खुदनाफाको १० प्रतिशत व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ । सहकारी नियमावली २०७५ को नियम २७ मा अन्यकोष सम्बन्धी व्यवस्थामा सहकारी संस्थाको कुनै वर्षको खुद बचत रकमबाट दफा ६८ बमोजिम जगेडा कोष, दफा ६९ बमोजिम संरक्षितपुँजीफिर्ता कोष र दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा बाँडफाँड गरेर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी कर्मचारी बोनस कोषमा १० प्रतिशत रकम व्यवस्था गरिएको छ ।

१४ संस्थाले गत आ.व.सम्म सहकारी प्रवर्द्धन कोषमा ऐन बमोजिम बाँडफाँड गरेको रकम संस्थाको कोषमा नैं रहेको देखिन्छ अत, सहकारी ऐन २०७४ अनुसार गर्नुहुन सुझाव छ ।

१५. श्रम ऐन, २०७४ तथा श्रम नियमावली २०७५ अनुसार संस्थाले कर्मचारी हकहीतका लागि दफा ५३ अनुसार उपदानको व्यवस्था गरिएको छ,, दफा ५४ अनुसार औषधि उपचार बीमा र दफा ५५ अनुसार दुर्घटना बीमा गर्नु पर्नेमा सो गरिएको छैन ।

१६. सहकारी मापदण्डको दफा ३२ अनुसार बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूलनिक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्दछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमागरिएको लगानी र सहकारी बैंक, वचत ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरिन्छ ।

P.R.B. & ASSOCIATES REG. AUDITORS

१७. इक्विटीको जम्मा रकममा सबै कोषहरुको रकमलाई समावेश गरिएको छ।

१८. संस्थामा तोकिएको सिमा भन्दा वढि निक्षेप राख्दा श्रोत खोलेर मात्र राख्ने गरेकोले पाईयो।

१९. संस्थाको सदस्यहरु यस संस्थाको कार्यक्षेत्र भित्रको अर्को बचत तथा ऋण सहकारी संस्थाको संचालक वा सदस्य भए नभएको एकिन गर्न सकिएन।

२०. लेखापरीक्षणको शिलशिलामा उपलब्ध गराईएका स्पस्टिकरण र सुचनाहरुको आधारमा संस्था व्यवस्थापन वा नेपाल सरकारको सम्बन्धित निकायबाट अनुगमन गरिरहेको विषयहरु बाहेक एंव व्यवस्थापन पत्रमा उल्लेखित विषयवस्तुहरु वाहेक वा व्यवस्थापन प्रतिनिधि पत्र (Management Representation Letter) समेतको आधारमा, सञ्चालक समिति वा प्रतिनिधी वा कुनैं कर्मचारीले कानुन बिरुद्ध लेखासंग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा शेयरधनीको हित विपरित हुने काम गरेको विषय हाम्रो जानकारीमा आएन।

२१. संस्थाले सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकम नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी प्रवर्द्धन कोषको सचिवालयको खातामा जम्मा हुन हाम्रो सुझाव छ।

२२. सहकारीको पुँजी पर्याप्तता अनुपात *(CAR)* २१.५०% रहेको पाइएको छ, जुन न्यूनतम तोकिएको मापदण्डभन्दा माथि छ। यसले सहकारी संस्थाको पुँजी स्थिति सुदृढ रहेको र सम्भावित जोखिमहरू सामना गर्न आर्थिक दृष्टिले सक्षम रहेको जनाउँछ। त्यसैले सहकारीको पुँजी पर्याप्तता स्थिति सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ।

२३. संस्थाको नाममा २०८२ असाढ मसान्तमा कुनैंपनि वित्तिय संस्थाको वाह्य कर्जा दायित्व रहेको छैंन।

लेखापरीक्षक
पि.आर.वि. एण्ड एसोसिएट्स
(प्रोप्राईटर)

बिर्तामोड, झापा
१० कार्तिक २०८२

## आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED

बिर्तामोड-०५,झापा

२०८२ आषाढ मसान्त सम्मको

वित्तीय स्थितीको विवरण (वासलात) रु.

| विवरण | नोट | ३२ आषाढ, २०८२ | ३१ आषाढ, २०८१ |
|---|---|---|---|
| **पुंजी** | | | |
| शेयर पूँजी | ४.१ | ३१,१९५,६००.०० | ३०,३०४,८००.०० |
| साधारण जगेडा कोष | ४.२ | २८,१७०,०१४.५९ | १९,७५७,७६३.०१ |
| संरक्षित पूँजी फिर्ता कोष | ४.३ | २,८८०,३९७.२८ | १,९८७,६२६.०९ |
| अन्य वैधानिक कोषहरु | ४.३ | ३७,८९८,७६४.४० | ३१,६८१,०१२.७२ |
| **कुल पूँजी** | | १००,१४४,७७६.२७ | ८३,७३१,२०१.८२ |
| वचत तथा निक्षेप हिसाब | ४.४ | २२९,३९६,१३६.७६ | १८७,४४२,८५५.६९ |
| कर तथा शुल्क | ४.७ | १,३५६,०७६.४५ | १,१२६,९६१.२८ |
| अन्य दायित्व | ४.८ | २२,५२८,७९५.८५ | २३,८७२,४७२.५१ |
| स्थगन कर दायित्व | ४.९ | ५३,१४४.६३ | २०,५०४.०० |
| **कुल पुंजी तथा दायित्व** | | ३५३,४७८,९२९.९६ | २९७,१९३,९९५.३० |
| **सम्पत्ति** | | | |
| सम्पत्ति संयन्त्र तथा उपकरण | ४.१० | २,०८८,५५१.०८ | २,२६८,१२५.४० |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.११ | ३७,८००.०० | ६३,०००.०० |
| लगानी धितोपत्रहरु | ४.१२ | ५२४,७००.०० | ५२४,७००.०० |
| सदस्यहरुलाई ऋण तथा सापट | ४.१३ | २५८,५५७,२८९.५९ | २२०,९८६,५००.६५ |
| कर्मचारीलाई ऋण तथा सापट | ४.१४ | | - |
| लगानी सम्पत्तिहरू | ४.१५ | ५,२७९,१८९.५० | - |
| अन्य सम्पत्ति | ४.१६ | १७,७३८,११४.८७ | १९,६९०,८११.१४ |
| वैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.१७ | ६८,९४६,९०४.९२ | ५३,२८२,३८८.११ |
| नगद तथा नगद सरह | ४.१८ | ३०६,३८०.०० | ३७८,४७०.०० |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - |
| **कुल सम्पत्ति** | | ३५३,४७८,९२९.९६ | २९७,१९३,९९५.३० |

व्यवस्थापक
पर्वतराज चिमरीया

ले.सु.स.संयोजक
सिर्जना खतिवडा

कोषाध्यक्ष
शान्ता विष्ट

सचिव
खगेन्द्र कुंवर

अध्यक्ष
...नन्दमान भट्टराई

लेखापरीक्षक
पर्शुराम बुढाथोकी

P.R.B. & ASSOCIATES, REGD. AUDITORS

मिति :२०८२ कार्तिक १० गते

स्थान : संस्थाको कार्यालय, बिर्तामोड-५, झापा ।

# आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED
बिर्तामोड-०५,झापा

## आय विवरण
**श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको**

| विवरण | नोट | आ.ब. २०८१/८२ | आ.ब. २०८०/८१ |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१९ | ३८,९५५,८५२.७२ | ३४,७०९,७६५.२५ |
| २. ब्याज खर्च | ४.२० | १४,११८,६३४.१५ | १४,६८८,०५९.७७ |
| **खुद ब्याज आम्दानी** | | **२४,८३७,२१८.५७** | **२०,०२१,७०५.४८** |
| ३. अन्य सञ्चालन आम्दानी | ४.२१ | ३,६९८,४०१.३३ | ३,२५९,३२०.६४ |
| **कुल सञ्चालन आम्दानी** | | **२८,५३५,६१९.९०** | **२३,२८१,०२६.१२** |
| ४. कर्मचारी खर्च | ४.२२ | ५,४६७,७७२.३८ | ५,७४८,२५२.७४ |
| ५. प्रशासनिक तथा कार्यालय सञ्चालन खर्च | ४.२३ | ३,०२२,०५३.५८ | २,५१७,०३७.२१ |
| ६. ह्रासकट्टी तथा परिशोधन(Amortization) खर्च | ४.१० | ३९६,४४६.७० | ४५८,४३९.०० |
| **स. नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | | **१९,६४९,३४७.२४** | **१४,५५७,२९७.१७** |
| ७. सम्भावित कर्जा नोक्सानी व्यवस्थामा थप | ४.१३.१ | २,८९८,५११.३६ | २,८०९,१५९.४४ |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | | **१६,७५०,८३५.८९** | **११,७४८,१३७.७३** |
| ८. गैर सञ्चालन आम्दानी(नोक्सान) | | - | - |
| कर्जाको क्षयिकरण/कर्जा तथा अन्य हानीको फिर्ता | ४.१३.१ | - | - |
| **नियमित कारोबार बाट भएको मुनाफा/(नोक्सान)** | | **१६,७५०,८३५.८९** | **११,७४८,१३७.७३** |
| असामान्य कारोबरबाट भएको आम्दानी/(खर्च) | | - | - |
| **सम्पूर्ण कारोबार समाबेश पछिको खुद मूनाफा** | | **१६,७५०,८३५.८९** | **११,७४८,१३७.७३** |
| **आयकर खर्च** | | | |
| यस वर्षको आयकर व्यवस्था | ४.७ | (१,३५६,०७६.४५) | (१,१२६,९६१.२८) |
| विगत वर्षसम्मको कर व्यबस्था | | - | - |
| यस वर्षको स्थगन कर (आम्दानी/(खर्च) | ४.९ | (३२,६४०.६३) | (२०,५०४.००) |
| **खूद नाफा/(नोक्सान)** | | **१५,३६२,११८.८०** | **१०,६००,६७२.४५** |

१७ देखि २२ सम्मका अनुसुचीहरु यस वित्तीय विवरणका अभिन्न अंग हुन्। १५९५१६,६१

व्यवस्थापक
पर्वतराज चिमरीया

ले.सु.स.संयोजक
सिर्जना खतिवडा

कोषाध्यक्ष
शान्ता विष्ट

सचिव
खगेन्द्र कुंवर

अध्यक्ष
[illegible]मान भट्टराई

[illegible]
पशुराम बुढाथोकी

मिति : २०८२ कार्तिक १० गते
स्थान : संस्थाको कार्यालय, बिर्तामोड-५, झापा।

# आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED

बिर्तामोड-०५,झापा

## नगद प्रवाह विवरण

२०८२ आषाढ मसान्त सम्मको

| विवरण | आ.ब. २०८१/८२ | आ.ब. २०८०/८१ |
|---|---|---|
| **क. सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| कर पछिको नाफा/(नोक्सान) | १५,३६२,११८.८० | १०,६००,६७२.३५ |
| समायोजन: | | |
| १. ह्रास कट्टी | ३९६,४४६.७० | ४५८,४३९.०० |
| २. क्षयिकरण खर्च | - | - |
| ३. व्यावस्था खर्च | २,८९८,५११.३६ | २,८०९,१५९.४४ |
| ४. स्थगनकर | - | |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | १८,६५७,०७६.८६ | १३,८६८,२७०.७९ |
| चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | |
| १. निक्षेप हिसाबमा बृद्धि/(कमि) | ४१,९५३,२८१.०७ | ४०,०२३,२४८.७४ |
| २. अन्य दायित्वमा तथा ब्यवस्थामा बृद्धि/(कमि) | (१,९५२,६९६.२७) | ११,३२८,९३१.४६ |
| ३. आयकर ब्यवस्थामा | (१,११४,५६१.४९) | १,१२६,९६१.३३ |
| ४. बाह्य ऋणमा बृद्धि/(कमि) | (५३७,८५२.१४) | (२७,१०७,३५६.९५) |
| ५. चालु सम्पत्तिमा (बृद्धि)/कमि | - | (१२,३८९,४४७.६८) |
| ७. कर्जा लगानीमा (बृद्धि)/कमि | (३७,५७०,७८८.९४) | (१६,२९०,३९९.७०) |
| **कुल कार्यशिल पुंजीबाट नगद प्रवाह** | ७७७,३८२.२३ | (३,३०८,०६२.८०) |
| **कुल संचालन गतिबिधिबाट नगद प्रवाह (क)** | १९,४३४,४५९.०९ | १०,५६०,२०७.९८ |
| ख) लगानी गतिबिधिबाट नगद प्रवाह | | |
| १. स्थिर सम्पत्तिको खरिद | (२०८,०९८.००) | (३९७,९१६.००) |
| २. स्थिर सम्पत्तिको बिकी | - | १०,१०९.८१ |
| **कुल लगानी गतिबिधिबाटको नगद प्रवाह (ख)** | (२०८,०९८.००) | (३८७,८०६.१९) |
| वित्तीय गतिविधिबाट नगद प्रवाह | | |
| १. शेयर बिक्रीबाट प्राप्त रकम | ८९०,८००.०० | ३,१४४,५००.०० |
| २ कोषमा बृद्धि/कमि | (४,५२४,७३४.२८) | (२,९९८,२६०.४४) |
| ३. शेयर लगानीमा (बृद्धि)/कमि | - | (१००,०००.००) |
| **कुल वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | (३,६३३,९३४.२८) | ४६,२३९.५६ |
| कुल गतिविधिबाट नगद प्रवाह (क+ख+ग) | १५,५९२,४२६.८१ | १०,२१८,६४१.३५ |
| शुरु नगद तथा बैंक मौज्दात | ५३,६६०,८५८.११ | ४३,४४२,२१६.७१ |
| **चालु आ.ब. अन्तको नगद तथा बैंक मौज्दात** | ६९,२५३,२८४.९२ | ५३,६६०,८५८.११ |

व्यवस्थापक
पर्वतराज चिमरीया

ले.सु.स.संयोजक
सिर्जना खतिवडा

कोषाध्यक्ष
शान्ता विष्ट

सचिव
खगेन्द्र कुंवर

अध्यक्ष
नन्द[illegible] भट्टराई

लेखापरीक्षक
पर्शुराम बुढा[illegible]

मिति : २०८२ कार्तिक १० गते
स्थान : संस्थाको कार्यालय, बिर्तामोड-५, झापा ।

## आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED

बिर्तामोड-०५,झापा

### खुद नाफा/नोक्सान बाँडफाँड हिसाब

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

| विवरण | | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८०/८१ |
|---|---|---|---|
| यस आ.व.को संचित मुनाफा | | - | - |
| यस आ.व.को नाफा/नोक्सान | | १५,३६२,११८.८० | १०,६००,६७२.४५ |
| जगेडाकोष | | | २,६५०,१६८.११ |
| जम्मा | ब | १५,३६२,११८.८० | ७,९५०,५०४.३४ |
| कोषमा बाँडफाँड | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५% | २,८८०,३९७.२८ | १,९८७,६२६.०६ |
| सहकारी प्रवर्द्धन कोष | ५% | ५७,६०७.९५ | ३९,७५२.५२ |
| शेयर लाभांस कोष | ५५.0% | ४,७२०,९७१.१४ | ३,२५७,७१९.१२ |
| घाटा पूर्ति कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| सहकारी शिक्षा कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| सहकारी विकास कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| कर्मचारी बोनस कोष | १0% | ८५८,३५८.३९ | ५९२,३१२.५७ |
| सामुदायिक विकास कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| सदस्य मृत्यु राहत कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| सदस्य उपचार राहत कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| अन्य जोखिम कोष | ५% | ४२९,१७९.१९ | २९६,१५६.२८ |
| जम्मा | | ८,५८३,५८३.८८ | ७,९५०,५०४.२६ |
| खुद संचित मुनाफा | क-ख | १५,३६२,११८.८० | १०,६००,६७२.३७ |

व्यवस्थापक | ले.सु.स.संयोजक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

आवद्ध बचत तथा ऋण सहकारी संस्था लि. स्था: २०६९ बिर्तामोड-५, झापा (नेपाल)

P.R.B. & ASSOCIATES REG. AUDITORS

## आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED
बिर्तामोड-०५,झापा

आर्थिक वर्ष - २०८१/०८२

**शेयर पूँजी** — **नोट - ४.१**

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| शेयर पूँजी | ३१,१९५,६००.०० | ३०,३०४,८००.०० |
| **जम्मा** | ३१,१९५,६००.०० | ३०,३०४,८००.०० |

**कोष हिसाब (जगेडा तथा अन्य कोषहरु)** — **नोट - ४.२**

**क) साधारण जगेडा कोष**

| | यस वर्षको सम्मको (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| गत आ. व. सम्मको मौज्दात | २१,७४५,३८९.१० | १६,१७०,६४३.९९ |
| नाफा नोक्सान हिसाववाट यस वर्षको थप | ३,८४०,५२९.७० | २,६५०,१६८.११ |
| अन्य कोष समायोजन हिसाव | २,५८४,०९५.७९ | २,९२४,५७७.०० |
| **जम्मा** | २८,१७०,०१४.५९ | २१,७४५,३८९.१० |

**नोट - ४.३**

**ख) अन्य कोषहरु (नाफा नोक्सान बाँडफाँडबाट)**

| | यस वर्षको सम्मको (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | २८८०३९७.२८ | १९८७६२६.०९ |
| सहकारी प्रवर्द्धन कोष | २४६०२२.८१ | १८८४१४.८६ |
| शेयर लाभांश कोष | ४७२०९७१.१४ | ३२५७७१९.१५ |
| घाटा पूर्ति कोष | १७६५५३१.०० | १३३६३५१.८१ |
| सहकारी शिक्षा कोष | ४२९१७९.२१ | २९६१५६.२९ |
| कर्मचारी बोनस कोष | ८५८३५८.४१ | ५९२३१२.५८ |
| सहकारी विकास कोष | ४२९१७९.१९ | २९६१५६.२६ |
| सामुदायिक विकास कोष | १६६०४६५.९६ | १३१३६७६.७७ |
| सदस्य मूत्यू राहत कोष(सहभागित समेत) | ७४५७३३८.६१ | ६५०३३३९.४२ |
| अन्य जोखिम कोष | १८४६४६९.४६ | १४१७२९०.२८ |
| सदस्य उपचार राहत कोष(सहभागिता समेत) | ३०५१७२०.३१ | २४०१०४१.१२ |
| **जम्मा** | २५३४५६३३.३८ | १९५९००८४.६२ |

**ग) अन्य कोषहरु**

| | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| कर्जा नोक्सानी व्यवस्था | ८,१११,८८८।१५ | १०,४९२,५६६।२९ |
| सकार सम्पत्ति व्यवस्था | ५,२७९,१८९.५० | - |
| बचत राहत कोष | २,०४२,४५०।६५ | १,५९८,३६१।८१ |
| **जम्मा** | १५,४३३,५२८।३० | १२,०९०,९२८।१० |
| **जम्मा कोषहरु (क+ख+ग)** | ६८,९४९,१७६।२७ | ५३,४२६,४०१।८२ |

(व्यवस्थापक) (ले.सु.स.संयोजक) (कोषाध्यक्ष) सचिव (अध्यक्ष) लेखापरीक्षक

आवद्ध बचत तथा ऋण सहकारी संस्था लि. स्था:२०६९ बिर्तामोड-५, झापा (नेपाल)

P.R.B. & ASSOCIATES

**आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED**
बिर्तामोड-०५,झापा
**आर्थिक वर्ष - २०८१/०८२**

**चालु वचत तथा निक्षेप हिसाब** — नोट - ४.४

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| मुद्धति निक्षेप(आवधिक) | ६४,५१६,५३३.३६ | ६२,९०५,१२५।८० |
| साधरण वचत | ६९,३३८,२२८.७७ | ३५,९२९,८९१।४२ |
| क्रमिक वचत | २२,२२६,४०९.४६ | ३०,६०८,१३१।०० |
| मासिक वचत | १,२२५,७५९.६४ | १९,८४८,१२७।३२ |
| बाल वचत | ८,७०४,९५९.६८ | ५,५८८,७९६।५६ |
| संचयकोष निक्षेप | १,६२०,९७२.७३ | १,३७६,२४९।८३ |
| आबद्ध विषेश वचत | १४,०९९,९३५.९४ | ९,९१७,५२४।८४ |
| बिमा वचत | ३,८१५,११२.६० | २,८९४,१९४।६१ |
| पेन्सन निक्षेप | २२,६१३,५९७.४३ | १७,८०३,२६७।४५ |
| अनिवार्य वचत | १८,७९१,७९७.०८ | – |
| सफलता वचत | १,८९८,३४५.०२ | – |
| सुनौंलोभविश्य वचत | २९३,८२९.७४ | – |
| शेयर वृद्धि वचत | २५०,६५५.३१ | – |
| अन्य वचत | – | ५७१,५४६।८६ |
| जम्मा | २२९,३९६,१३६.७६ | १८७,४४२,८५५.६९ |

**अनुदान दायित्व** — नोट- ४.५

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| | – | – |
| जम्मा | – | – |

**बाह्य ऋण तथा सापटी** — नोट - ४.६

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| | – | १,000,000.00 |
| जम्मा | – | १,000,000.00 |

**चालु आयकर दायित्व** — नोट - ४.७

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| समायोजन पश्चातको करयोग्य आय | १७०७७२४२.१५ | ११२६९६१२.८२ |
| आयकर दायित्व (तालिका "क") | १३५६०७६.४५ | ११२६९६१.२८ |
| जम्मा | १३५६०७६.४५ | ११२६९६१.२८ |

**अन्य दायित्व** — नोट - ४.८

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| स्रोतमा कर कट्टी (तलब) | १,०१५.०९ | ११,७६७.९९ |
| स्रोतमा कर कट्टी (घरभाडा) | ५३,४१७.०१ | ४२,१४१.६८ |
| स्रोतमा कर कट्टी (व्याज) | ४६६,७५५.८४ | ४१४,७५७.०५ |
| निक्षेपमा भुक्तानी दिन बांकी ब्याज | ३,०९८,६५७.८९ | २,५३५,५९७.१८ |
| शेयर लाभांश कर वापत | ६२४.१० | १,२४६.०० |
| धितोमूल्यांकन कर्तालाइ भुक्तानि दिन वांकी | ९४,१००.०० | ३९,५००.०० |
| स्रोतमा कर कट्टी (लेखापरिक्षण) | ११,२५०.०० | ११,२५०.०० |
| कर्जामा असुल गर्न वांकी ब्याज(कन्ट्रा) | १५,०४२,०९६.७७ | १७,६८१,४५८.९६ |
| सप्टवर वापतको | – | १९,७४०.३६ |
| विमा प्रिमियम | १,२८९,८८३.७४ | ९१२,२०७.७५ |
| कर्मचारी हितकोष | – | १२,६८०.६२ |
| निस्कृय सदस्यलाइ भुक्तानि दिनुपर्ने | ४९१,४९९.४१ | ६०८,०२०.८८ |
| लेखापरिक्षण शुल्क वापत | ८५,०००.०० | ६३,७५०.०० |
| उत्प्रेरणा वापत | २०,१२०.०० | ५,९४०.०० |
| अग्रीम आयकर | – | १७,८७४.६८ |
| कर्मचारी हितकोष | १,६४६,०६६.०३ | १,४९२,९२९.३६ |
| राजकुमार शाह | ७७,७६०.०० | – |
| अन्य भुक्तानी गर्नुपर्ने दायित्व | १५०,५४९.९७ | १,६१०.०० |
| जम्मा | २२५२८७९५।८५ | २३८७२४७२।५१ |

(व्यवस्थापक) (ले.सु.स.संयोजक) (कोषाध्यक्ष) सचिव (अध्यक्ष) लेखापरीक्षक

**आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED**
**बिर्तामोड-०५,झापा**

**स्थगन कर सम्पत्ति तथा दायित्व** — नोट - ४.९

| विवरण | खाता अनुसार (रू.) | कर आधार (रू.) | फरक (रू.) |
|---|---|---|---|
| स्थिर सम्पत्ति (जग्गा वाहेक) | ३९६,४४६.७० | ४५०,८३५.८० | ५४,३८९.१० |
| कर्मचारी उपदान | ११४,८१०.०० | - | (११४,८१०.००) |
| संचित बिदा वापतको व्यवस्था | ६६,७३१.६७ | - | (६६,७३१.६७) |
| कर्जा नोक्सानी व्यवस्था | २,८९८,५११.३६ | २,६९९,२५७.६६ | (१९९,२५३.६९) |
| **जम्मा** | **३,४७६,४९९.७३** | **३,१५०,०९३.४६** | **(३२६,४०६.२६)** |
| **स्थगत कर दायित्व** | | | **(३२,६४०.६३)** |
| शुरु मौज्दात स्थगन कर सम्पत्ति/दायित्व | | | (२०,५०४.००) |
| चालु वर्ष स्थगन कर खर्च/आम्दानी | | | **(५३,१४४.६३)** |

**लगानी धितोपत्रहरु** — नोट - ४.१२

| विवरण | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक (शेयरमा लगानी) | ३०५,०००.०० | ३०५,०००.०० |
| झापा जिल्ला सहकारी संघ (शेयरमा लगानी) | १००,५००.०० | १००,५००.०० |
| जिल्ला बचत तथा सहकारी संघ (शेयरमा लगानी) | ५,०००.०० | ५,०००.०० |
| नेस्फकुन (शेयरमा लगानी) | १४,२००.०० | १४,२००.०० |
| थोक उपभोक्ता संघ(प्रदेश १) | १००,०००.०० | १००,०००.०० |
| जम्मा | ५२४,७००.०० | ५२४,७००.०० |

**सदस्यहरुलाई ऋण तथा सापटी** — नोट - ४.१३

सहकारीले आफ्ना सदस्यहरुलाई विभिन्न कर्जा तथा अग्रिम सुविधाहरु प्रदान गर्दै आएको छ। यिनिहरुलाई प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ । यदि प्रभावकारी ब्याज दर ('EIR')को परिशोधन र क्षयिकरण(Impairment) वाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ। त्यस्ता वित्तीय सम्पत्तिहरूको विवरण निम्नानुसार छन्।

| जम्मा | यस वर्षको रकम (रू) | गत वर्षको रकम (रू) |
|---|---|---|
| स्वरोजगार कर्जा | ८७,२६१.०० | ९६२,०१२.०० |
| व्यक्तिगत कर्जा | ७,६८७,१२४.२० | ८,२५६,२९५.८१ |
| व्यवसाय कर्जा | ५४,३३४,७९२.६९ | ३१,४५४,१०२.१५ |
| बचत धितो कर्जा | ३,०३३,३४८.०० | १,२६२,७९६.०० |
| आकस्मीक कर्जा | १४,९९५,११२.०० | २१,०४६,०९७.०० |
| घरजग्गा कर्जा | १५,९९९,४१८.०० | ०.०० |
| शैक्षिक कर्जा | ६,१५०,२७४.०० | २,६२४,९३७.०९ |
| कृषि कर्जा | ३,९७८,०९६.०० | ०.०० |
| कर्मचारी कर्जा | १,१५५,९३६.६३ | ९२९,००८.०० |
| आवधिक कर्जा | १५०,२३२,६८९.०७ | १४९,३६९,४६६.६० |
| प्रिमियम कर्जा | ९०३,२३८.०० | ५९६,०९७.०० |
| घरयासी कर्जा | - | ४,४८५,६८९.०० |
| **जम्मा** | **२५८,५५७,२८९.५९** | **२२०,९८६,५००.६५** |

नेपाल राष्ट्र बैंकद्वारा जारी बैंक बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ अनुसार निम्न उमेर(ageing) म्याट्रिक्स अनुसार क्षयिकरणको व्यवस्था गर्नुपर्छ । चालु वर्ष सकार गरिएको सम्पत्ति (जग्गा)को शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएको छ। अन्य कर्जाको हकमा किस्ता भाखा नाघेको आधारमा नभई सम्पूर्ण कर्जा भाखा नाघेको आधारमा मात्र कर्जा नोक्सानी व्यवस्था गरिएको छ, नियमक निकायले दिएको निर्देशन पालना गर्न समेत सुझाव छ।

| कर्जा नोक्सानी व्यवस्था | | अनुसूची - ४.१३.१ |
|---|---|---|
| **विवरण** | **कर्जा रकम रु.** | **नोक्सानी व्यवस्था रकम** |
| भाखा ननाघेको ३ महिना भाखा नाघेको ऋण/सापट (१ प्रतिशत) | २४८,३१५,३३५.०० | २,४८३,१५३.३५ |
| ३ महिना देखि ६ महिना भाखा नाघेको ऋण/सापट (२५प्रतिशत) | ४,१६०,३००.०० | १,०४०,०७५.०० |
| ६ महिना देखि १ वर्षसम्म भाखा नाघेको ऋण/सापट (५० प्रतिशत) | २,९८५,९८९.५९ | १,४९२,९९४.८० |
| एक वर्षभन्दा बढी भाखा नाघेको ऋण/सापट (१०० प्रतिशत) | ३,०९५,६६५.०० | ३,०९५,६६४.९३ |
| **सकार सम्पत्ति (१०० प्रतिशत)** | **५,२७९,१८९.५०** | **५,२७९,१८९.५०** |
| **जम्मा** | **२६३,८३६,४७९.०९** | **१३,३९१,०७७.५८** |
| न्यून गत वर्षसम्मको कर्जा नोक्सानी व्यवस्था | | १०,४९२,५६६.२९ |
| यस वर्षको कर्जा नोक्सानी व्यवस्था मा थप (वाट फिर्ता) | | २,८९८,५११.३६ |
| **यस वर्षको जम्मा कर्जा नोक्सानी व्यवस्था** | | **१३,३९१,०७७.६५** |

(व्यवस्थापक) (ले.सु.स.संयोजक) (कोषाध्यक्ष) सचिव (अध्यक्ष) लेखापरीक्षक

**आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**AABADDHA SAVING AND CREDIT CO-OPERATIVE LIMITED**
बिर्तामोड-०५,झापा

## PEARLS Analysis

| Indicat | Particulars | Goal | Numerator | Denominator | Indicator of Not meeting the Achievement |
|---|---|---|---|---|---|
| | **सुरक्षण PROTECTION (P)** | | | | |
| P1 | भाखा ननाघेको ३ महिना भाखा नाघेको ऋण/सापट (१ प्रतिशत) | १% | २,४८३,१५३.३५ | २४८,३१५,३३५.०० | 1% |
| P2 | ३ महिना देखि ६ महिना भाखा नाघेको ऋण/सापट (२५प्रतिशत) | २५% | १,०४०,०७५.०० | ४,१६०,३००.०० | 25% |
| P3 | ६ महिना देखि १ बर्षसम्म भाखा नाघेको ऋण/सापट (५० प्रतिशत) | ५०% | १,४९२,९९४.८० | २,९८५,९८९.५९ | 50% |
| P4 | एक वर्षभन्दा बढी भाखा नाघेको ऋण/सापट (१०० प्रतिशत) | १00% | ३,०९५,६६५.०० | ३,०९५,६६५.०० | 100% |
| | जम्मा | | ८,१११,८८८.१५ | २५८,५५७,२८९.५९ | |
| | **प्रभावकारी वित्तीय संरचना EFFECTIVE FINANCIAL STRUCTURE (E)** | | | | |
| E1 | Net Loans/Total Assets<br>खुद ऋण/ जम्मा सम्पति | ७०-८०% | २५८,५५७,२८९.५९ | ३५३,४७८,९२९.९६ | ७३% |
| E5 | Savings Deposits / Total Assets<br>कुल वचत/ जम्मा सम्पत्ति | ७०-८०% | २२९,३९६,१३६.७६ | ३५३,४७८,९२९.९६ | ६५% |
| E6 | External Credit / Total Assets<br>वाह्य ऋण/ जम्मा सम्पत्ति | बढीमा ५% | - | ३५३,४७८,९२९.९६ | ०% |
| E7 | Member Share Capital / Total Assets<br>शेयर पूंजी/ जम्मा सम्पत्ति | १०-२०% | ३१,१९५,६००.०० | ३५३,४७८,९२९.९६ | ९% |
| E9 | Net Institutional Capital/ Total Assets<br>खुद संस्थागत पूंजी/ जम्मा सम्पत्ति | कम्तिमा १०% | ४१,५६१,०९२.२४ | ३५३,४७८,९२९.९६ | १२% |
| | **सम्पत्तिको गुणस्तर ASSETS QUALITY (A)** | | | | |
| A1 | Total Loan Delinquency / Gross Loan Portfolio<br>जम्मा भाखा नाघेको ऋण/ जम्मा उठ्न बाँकी ऋण | ५% भन्दा कम | १०,२४१,९५४.५९ | २५८,५५७,२८९.५९ | 4% |
| A2 | Non-Earning Assets / Total Assets<br>नकमाउने सम्पत्ति/ जम्मा सम्पत्ति | ५% भन्दा कम | २०,१७०,८४५.९५ | ३५३,४७८,९२९.९६ | 6% |
| | **प्रतिफल तथा लागत दर RATES OF RETURN AND COSTS (R)** | | | | |
| R9 | Total Operating Expenses / Avg. Total Assets<br>कुल सञ्चालन खर्च/ औपत सम्पत्ति | ५% | ८,८८६,२७२.६६ | ३२५,३३६,४६२.६३ | २.७३% |
| R12 | Net Income / Average Total Assets<br>खुद आय/ औपत सम्पत्ति | १०% | १५,३६२,११८.८० | ३२५,३३६,४६२.६३ | ४.७२% |
| | **तरलता LIQUIDITY (L)** | | | | |
| L1 | S.T Investments + Liquid Assets - S.T. Payables / Savings Deposits<br>छोटो समयको लगानी+तरल सम्पत्ति-छोटो समयमा दिनुपर्ने भुक्तानी/जम्मा वचत | कम्तिमा १५% | ४६,७२४,४८९.०७ | २२९,३९६,१३६.७६ | २०.३७% |
| L2 | Liquidity Reserves / Savings Deposits<br>तरल कोप/ जम्मा वचत | १५% | ४५,३६८,४१२.६२ | २२९,३९६,१३६.७६ | १९.७८% |
| L3 | Non-Earning Liquid Assets / Total Assets<br>नकमाउने तरल सम्पत्ति / कुल सम्पत्ति | १% | ६९,२५३,२८४.९२ | २९७,१९३,९९५.३० | २३.३०% |
| | **बृद्धिको संकेत SIGN OF GROWTH (S)** | | | | |
| S10 | Growth in Membership<br>सदस्यता बृद्धि | १५% भन्दा बढी | 354 | 2943 | 12% |
| S11 | Growth in Total Assets<br>कुल सम्पत्तिमा बृद्धि | मुद्रास्फिति दर +१०% | ५४,९२८,८५८.२१ | २९७,१९३,९९५.३० | १८.४८% |

व्यवस्थापक | ले.सु.स.संयोजक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक

P.R.B. & ASSOCIATES ★ REG. AUDITOR
FIRM No. 3530
ICAN MEM No. 4619
COP No. 495

# आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## AABADDHA SAVINGS & CREDIT CO-OPERATIVE LIMITED

**विर्तामोड-५,झापा**
**आर्थिक वर्ष-२०८१/०८२**

### वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

**।. संगठनात्मक जानकारी**

आवद्ध बचत तथा ऋण सहकारी लिमिटेड, सहकारी ऐन २०७४ बमोजिम भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागमा दर्ता भई दर्ता नम्बर ३/१/७(६४२)०६९/७०प्राप्त गरी आन्तरिक राजस्व विभागमा स्थायी लेखा नम्बर (PAN)६००५००८३६ सहित दर्ता भएको छ । यस सहकारी संस्था विगत एक दशक भन्दा लामो समय देखि समुदायका व्यक्तिगत सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुर्याउन आफ्ना सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ । यस संस्थाको मुख्य कार्यालय विर्तामोड न.पा.वडा नं ५ न्युटनटोलमा अवस्थित छ भने अर्जुनधारा गोलधापमा सेवा केन्द्र रहेको छ । यस सहकारी संस्थाको मुख्य उद्देश्य भनेको आफ्ना सदस्यहरूसँग बचत सङ्कलन, ऋण लगानी जस्ता वित्तीय लेनदेन गर्नुका साथै शिक्षा, तालिम, सूचना, सामाजिक कार्य जस्ता अन्य धेरै गैर-वित्तीय सेवाहरू प्रदान गर्नु हो। यस सहकारी संस्था आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको लागि सक्रिय छ ।

यस संस्थाका सदस्यहरु महिला १३९२ पुरुष १५४६ र अन्य ५ गरी जम्मा २९४३ रहेका छन् । गत वर्षको भन्दा ३५४ सदस्यहरुको (१२ प्रतिशत) वृद्धि भएको देखिन्छ,

**।. लेखाङ्कनका आधार**

**।.। अनुपालन सम्बन्धी उद्घोषण**

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB),नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको साना तथा मझौला संस्थाका लागि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) अनुसार तयार गरिएको छ । सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन ।चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ ।

**।.। समिक्षा अवधि र वित्तीय स्वीकृति**

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ ।

यी वित्तीय विवरणहरू ०४ अशोज २०८२ मा सञ्चालक समितिबाट जारी भइ १५ मंसिर २०८२ मा बस्ने तेह्रो वार्षिक साधारण सभामा शेयरसदस्यहरूबाट अनुमोदनको लागि सिफारिस गरिने छ ।

**।.। कार्यात्मक र प्रस्तुतीकरण मुद्रा**

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो । । प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त (राउन्ड अफ) गरिएको छ ।

**।.। अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग**

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङकन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणा र स्वविवेक को प्रयोग आवश्यक पर्दछ । वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन् । विगतको अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ । लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई prospectively समायोजन गरिन्छ ।

P.R.B. & ASSOCIATES REG. AUDITORS

**।.। लेखा नीतिहरूमा परिवर्तनहरू**

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ। लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ।

**।.। छुट (Discounting)**

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ।

**।. महत्त्वपूर्ण लेखा नीतिहरू**

**।.। मापनको आधार**

देहायका सारभुत शीर्षकहरु बाहेक सहकारी संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ।

| शीर्षकहरु | **मापनको आधार** |
|---|---|
| सम्पत्ति तथा उपकरण-जग्गा | उचित मूल्य |
| लगानी सम्पत्तिहरू | उचित मूल्य |
| कर्मचारीहरूलाई ऋण | उचित मूल्य |

**।.। वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**पहिचान र मापन**

जब सहकारी संस्था वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ। ।सार्वजनिक रूपमा कारोबार गरिएका बाहेक सबै वित्तीय सम्पत्ति र दायित्वहरू, प्रारम्भिक मान्यतामा परिशोधित लागत मूल्यमा मापन गरिन्छ। वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू (transaction costs) शुरुवातमा बजार मुल्यमा थपिन्छन्। तर नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमा मा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

**वर्गीकरण तथा मापन**

साना तथा मझौला निकायमा लाग्ने नेपाल वित्तीय प्रतिवेदन मानको दफा ११ द्वारा आवश्यकता अनुसार वित्तीय सम्पत्तिहरू र दायित्वलाई दुई वर्गमा वर्गीकृत गरिएको छ।

**क. परिशोधित लागतमा मापन गरिएको:**

सार्वजनिक रूपमा कारोबार गरिएको शेयरमा लगानी बाहेकका वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वलाई क्षयीकरण घटाएर परिशोधित लागतमा मापन गरिन्छ। क्षयिकरण भनेको करार बमोजिम प्राप्त हुनुपर्ने नगद भविष्यमा प्राप्त नहुने अनुमानित रकमको प्रभावकारी ब्याज दर (EIR) ले गणना गरिएको वर्तमान मुल्य हो। यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरण भएको छ भने, EIR को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ। तर यस संस्थामा चालुवर्षमा परिशोधित लागत मापत गरिउको छैन।

**ख.नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको:**

सार्वजनिक रूपमा कारोबार हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको उचित मूल्य अनुचित लागत र प्रयास बिना भरपर्दो रूपमा मापन गर्न सकिन्छ भने उचित मूल्यमा परिवर्तनहरू नाफा वा नोक्सानमा पहिचान गरी उचित मूल्यमा मापन गरिन्छ। यदि उचित मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिँदैन भने त्यस्ता वित्तीय सम्पत्ति र दायित्व लागत मूल्यमा क्षयीकरण घटाई मापन गरिन्छ।चालु वर्ष लागत मुल्यमा क्षयीकरण घटाईएको छैन।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्ग गर्दछ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिँदा निसर्ग गरिन्छ।

**उचित मूल्यको निर्धारण**

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो।

सहकारी संस्थाले वर्णन गरिए अनुसार उचित मूल्य-तहगतको तीन तहहरू(Levels) पालना गर्दछ :
क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।
ख) सूचीकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचीकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरु बीचको सामान्य बजार बीचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचीकृत मूल्यको प्रमाण प्रदान गर्दछ ।
ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को हालसालैको लेनदेनहरू आफैंमा उचित मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अन्य मूल्याङ्कन विधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन विधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सन्दर्भद्वारा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

**क्षयीकरण (Impairment) (दफा ११ अनुसार)**

प्रत्येक रिपोर्टिङ मितिमा व्यक्तिगत रूपमा महत्वपूर्ण ऋणको समीक्षा गरिन्छ र क्षय हानी नाफा वा नोक्सानको विवरणमा देखाइन्छ् । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुन: प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । संस्थाबाट लगानि भएको कर्जा तथा सापटको सम्पुर्ण किस्ता भाखा नाघेपछिको अवधिका आधारमा मात्र कर्जा नोक्सानी व्यवस्था गर्ने गरेको पाईयो, यो सहकारी नीति तथा निर्देशन विपरित रहेको छ ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुन:प्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

।.। **सम्पत्ति, संयन्त्र तथा उपकरण**

**पहिचान र मापन:**

स्थिर सम्पत्तिको परल मूल्यको निर्धारण खरीद मूल्य तथा सो खरीदसँग सम्वन्धित सवै प्रत्यक्ष खर्चहरु जोडी गरिएको छ । स्थिर सम्पत्तिलाई ह्रासकट्टी गरी खुद सम्पत्तिलाई वासलातमा प्रस्तुत गरिन्छ ।

संस्थामा रहेका निम्नअनुसार स्थिर सम्पत्तिलाई १ श्रावण, २०७९ मा रहेको किताबी मूल्य तथा त्यसपछि खरीद गरिएको सम्पत्तिको हकमा परल मोल लाई सम्पत्तिको परल मोल मानी निम्न अनुसार प्रयोग योग्य आयु निर्धारण गरी समदर ह्रास प्रणाली अनुसार ह्रासकट्टी गर्ने नीति लिईको छ ।

| सम्पत्तिको प्रकृति | प्रयोग योग्य आयु (बर्षमा) |
|---|---|
| पट्टा सम्पत्ति | २० बर्ष |
| फर्निचर तथा फिक्सचर सम्पत्तिहरु | १० बर्ष |
| कम्प्यूटर | ५ बर्ष |
| अन्य कार्यालय उपकरणहरु | १० बर्ष |
| आईरन सेफ | २० बर्ष |
| मोबायल सेट | ४ बर्ष |
| सिसि क्यामेरा | ४ बर्ष |
| सफ्टवयर | सम्झौता अवधि |

।.। **ख्याति/अमूर्त सम्पत्तिहरू**

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ । यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ ।

P.R.B. & ASSOCIATES REG. AUDITORS

ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अमूर्त सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ । यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

सहकारी संस्थासँग अमूर्त सम्पत्तिको रूपमा हाल सफ्टवेयर रहेको छ र यसलाई घट्दो दर विधिमा २५% मा परिशोधन गरिन्छ ।

**।.। लगानी सम्पत्ति**

लगानी सम्पत्तिहरू लाभ तथा भाडा प्राप्त गर्ने उदेश्यले राखिएको जग्गा र/वा भवन हुन् । यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छन् ।

लगानी सम्पत्तिहरू सुरुमा लागतमा पहिचान गरिन्छ र पछि वास्तविक मूल्य मोडेल प्रयोग गरेर मापन गरिन्छ । सहकारीले उचित मूल्य (Fair Value) प्रयोग गरेर आफ्नो लगानी सम्पत्तिहरू मापन गर्दछ । सम्पत्तिहरू सुरुमा लागतमा र त्यसपछि प्रत्येक रिपोर्टिङ मितिहरूमा उचित मूल्यमा (Fair Value) मापन गरिन्छ, भिन्नताहरू नाफा वा नोक्सानमा स्थानान्तरण गरिन्छ ।

**।.। आयकर**

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन् ।

**चालु कर**

चालु कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित भई इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो । चालु कर भनेको चालु वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

**स्थगित कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

**।.। जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू**

**निक्षेप:**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ । निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

**।.। प्रावधानहरू, अन्य दायित्वहरू आकस्मिक दायित्वहरू**

कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ। लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ । व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ।

संयोगिक (सम्भाव्य)दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ। २०८२ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन्।

**।.। आयको पहिचान**

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

**ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु , नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ। EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो। प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ। ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन्।

**नाफा विवरणमा पहिचान गरिएको ब्याज आम्दानी र नोक्सानीमा निम्न समावेश छन् :**

• क्षतिग्रस्त ऋण बाहेकका प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी। यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन्।

• हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ।

**अनुदान आय**

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरू; कार्यसम्पादन सर्तहरू पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ। निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरू अनुदान प्राप्त हुने कुरा निश्चित हुने बित्तिकै आयको रूपमा लेखांकन गरिन्छ। प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ। यस संस्थाले हालसम्म कुनै प्रकारको पनि अनुदान लिएको छैन।

**।.।। ब्याज खर्च**

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ।

**।.।। कर्मचारी लाभहरू**

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्वन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ।

**पारिश्रमिक सहितको अल्पकालीन बिदाहरू**

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको भैपरी, ९ दिनको घरविदा र ६ दिनको विरामी विदा प्रदान गर्दछ। यी बिदाहरू मध्ये घरविदा र विरामी विदा संचित हुने व्यवस्था रहेको छ। यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ४५ दिनको प्रसूति बिदा, ११ दिनको प्रसूति स्याहार बिदा र १५ दिनको किया बिदा प्रदान गर्दछ।

**रोजगारी पछि कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

**सामाजिक सुरक्षा कोष योगदान**

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो । श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो । सहकारी संस्था हालसम्म सामाजिक सुरक्षा कोष योगदानमा सामेल भएको छैन। **संस्था चालु आ.व. २०८२ श्रावण बाट सामाजिक सुरक्षा कोषमा सामेत भएको पाईयो ।**

**अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

अन्य दीर्घकालीन कर्मचारी लाभहरू छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन्। यस्ता लाभहरूको सम्बन्धमा सहकारीको खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गरिन्छ । वर्तमान र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई यसको वर्तमान मूल्य निर्धारण गरिन्छ । कुनै विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरू सँग लगभग नजिक हुन्छन् । अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ । नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुन: मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गरिन्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ ।

सहकारीले सरलीकृत प्रकृया अपनाएको छ र सबै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

**|.||  पट्टाहरू**

सहकारी संस्थाले दफा २० पट्टा लागू सञ्चालन पट्टा भुक्तानीलाई खर्चको रूपमा रूपमा लेखांङ्कन गरेको छ । दफा २० अन्तर्गत लेखा नीतिहरूको विवरण प्रस्तुत गरिएको छ ।

सहकारीले आफ्नो सेवा केन्द्र कार्यालय भाडामा लिएको छ । पट्टा सम्झौताहरू सहकारीले यसको मुख्य कार्यालय र सेवा केन्द्र कार्यालयहरूको लागि भाडामा लिएको भवन परिसरसँग सम्बन्धित छन् । आर्थिक वर्ष २०८१/८२ मा सहकारीसँग ६ वर्षको औसत पट्टा अवधिको साथ कुल २ परिसर भाडामा थिए । कुनै पनि पट्टा सम्झौताले पट्टा अवधिको अन्त्यमा खरिद विकल्प प्रदान गर्दैन र खरिद विकल्प समावेश गर्दैन । अपेक्षित मुद्रास्फीतिसँग मिल्दोजुल्दो हुने गरी पट्टा भुक्तानी निर्धारण भएको छ । निम्न अवस्थामा बाहेक सहकारीले सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी (बीमा र मर्मतसम्भार जस्ता सेवाहरूको लागत बाहेक) लाई सरल रेखा विधिको आधारमा पट्टा अवधिमा खर्चको रूपमा लेखांकन गरेको छ :

(क) अर्को कुनै विधिबाट पट्टा खर्च लेखांकन गर्नु उपयुक्त देखिएमा वा

(ख) पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको देखिएमा

पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको हुँदा भुक्तानी भएको रकमलाई नै खर्चको रूपमा लेखांकन गरिएको छ ।

**|.||  शेयर पूँजी र कोषहरु**

**शेयर पूँजी**

जारी गरिएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ जब नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै दायित्व हुँदैन । यी उपकरणहरूले दफा २२ वित्तीय उपकरणको उपदफा २२.४ (क) द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्छन्, त्यसैले इक्विटीको रूपमा वर्गीकृत गरिन्छ ।

शेयर निष्कासन खर्चलाई, सोही वर्षमा इक्विटीमा लेखाङकन गरिएको छ र इक्विटीमा भएको परिवर्तनको विवरणमा खुलासा गरिएको छ र कर प्रभाव पनि खुलासा गरिएको छ ।

P.R.B. & ASSOCIATES REG. AUDITORS

**उचित मूल्य कोष**

लगानी सम्पत्तिलाई उचित मुल्यमा मापन गरिएको छ र सो मुल्यांकनको समायोजन यस कोषमा जम्मा गरिएको छ। उचित मूल्य कोष भनेको लगानी सम्पत्तिको उचित मूल्यमा परिवर्तनहरूको संचय हो। सम्पत्ति बिक्रि भएपश्चात यस कोषको रकम सहकारी ऐनबमोजिम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ।

**वैधानिक कोषहरू**

यस कोषमा कानूनद्वारा कायम रकम समावेश छ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ। स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ। यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ५५ % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| कर्मचारी वोनस | १० % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| सदस्य उपचार राहतकोष | ५ % |
| सदस्य मृत्यु राहत कोष | ५ % |
| **जम्मा** | **१०० %** |

## ५ .खुलासा र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायीक कियाकलापमा जोखिम निहित रहेको हुन्छ। विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ। ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ। यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ। त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ। प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्वन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ। लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनवाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ।

P.R.B. & ASSOCIATES REG. AUDITORS

**लेखा सुपरिवेक्षण समितिः**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन्

| स.न. | नाम | पद |
|---|---|---|
| १ | श्री सुजना खतिवडा | संयोजक |
| २ | श्री गोपाल चौहान | सदस्य |
| ३ | श्री शहनलाल राजवंशी | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन् । तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ ।

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित

P.R.B. & ASSOCIATES REG. AUDITORS

जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितो ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छ:**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

**संस्थागत वा रणनीतिक जोखिम**

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छ:

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,

P.R.B. & ASSOCIATES REG. AUDITORS

- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिवद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ। आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभत्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ। सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न व्यवस्थापक र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ। रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन्। रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ। रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

**५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य**

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन। केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ। अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ। यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो

**५.३ सम्बन्धित पक्षको खुलासा**

**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ।

निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क्र.स.. | नाम | सम्बन्ध | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | नन्दमान भट्टराई | अध्यक्ष | २०७८।०८।११ | |
| २ | राजन वाग्ले | उपाध्यक्ष | २०७८।०८।११ | |
| ३ | खगेन्द्र कुँवर (क) | सचिव | २०७८।०८।११ | |
| ४ | शान्ता बिष्ट भट्टराई | कोषाध्यक्ष | २०७८।०८।११ | |
| ५ | हृदयकुमारि सङ्ग्रौला | सदस्य | २०७८।०८।११ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | चिरञ्जिवी सिग्देल | सदस्य | २०७८।०८।११ | |
| ७ | रुपमाया राई | सदस्य | २०७८।०८।११ | |
| ८ | टेकबहादुर तामाङ | सदस्य | २०७८।०८।११ | |
| ९ | नरेन्द्र न्यौपाने खत्रि | सदस्य | २०७८।०८।११ | |
| १० | गौरि प्रसाद भण्डारी | सदस्य | २०७८।०८।११ | |
| ११ | खड्ग बहादुर विष्ट | सदस्य | २०७८।०८।११ | |
| १२ | सृजना खतिवडा | ले.सु.स.संयोजक | २०७८।०८।११ | |
| १३ | शहनलाल राजबशीं | ले.सु.स. सदस्य | २०७८।०८।११ | |
| १४ | गोपाल चौहान | ले.सु.स.सदस्य | २०७८।०८।११ | |
| १५ | पर्वतराज चिमरीया | व्यवस्थापक | | |

**५.४ मर्जर र प्राप्ति**

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

**५.५ गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

संचालक तथा उपसमितिका पदाधिकारीहरुलाई लगानी गरी २०८२ अरार मशान्तमा निम्न अनुसार ऋण बाँकि रहेको छ :-

| क.स. | नाम | पद | रकम | कर्जाको वर्गिकरण |
|---|---|---|---|---|
| १ | खगेन्द्र कुवर | सचिव | ९,१५,०००।०० | खराव |
| २ | टेक वहादुर तामाङ. | सदस्य | १०,००,०००।०० | असल |

**५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू**

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् । वासलातको मितिको अन्त्यमा सो घटनाहरु घटित हुने अवस्थाको प्रमाण हुने घटनाहरु प्रतिविम्बित हुने गरी वित्तीय विवरणमा लेखांकन गरी सम्बन्धित खुलासाहरु पनि समायोजित गरिन्छ । वासलातको मितिको अन्त्यमा सो घटनाहरु घटित हुने अवस्थाको प्रमाण नहुने घटनाहरु वित्तीय विवरणमा समायोजन गरिंदैन ।

आ.ब. २०८१/०८२ को वित्तीय विवरणको सन्दर्भमा वासलात मिति पछिका उल्लेखनी घटनाहरु छैनन् ।

व्यवस्थापक　　　ले.सु.स. संयोजक　　　कोषाध्यक्ष

सचिव　　　अध्यक्ष　　　लेखापरीक्षक

| क्र.सं | सुविधा | सुविधाका लागि न्युनतम योग्यता |
|---|---|---|
| १. | बचत, रेमिट कारोबार शववाहन, यातायात छुट कार्ड | सदस्य बनेपछि |
| २. | बचत, रेमिट कारोबार, शववाहन, यातायात छुट कार्ड उपचार छुट कार्ड, | मासिक रु. ३०० आबद्ध विशेष बचत बचत गरेको ३ महिना पुगेपछि |
| ३. | बचत, रेमिट कारोबार, शववाहन यातायात छुट कार्ड, उपचार छुट कार्ड, ऋण मागका लागि योग्य | मासिक रु. ३०० आबद्ध विशेष बचत मासिक बचत न्युनतम रु. १००० नियमित भएको ३ महिना पुरा भएपछि |
| ४. | बचत, रेमिट कारोबार, शववाहन यातायात छुट कार्ड, उपचार छुट कार्ड, ऋण मागका लागि योग्य सदस्य राहत रु. ५००० | मासिक रु. ३०० आबद्ध विशेष बचत मासिक बचत न्युनतम रु. १००० नियमित भएको १ बर्ष पुरा भएपछि न्युनतम शेयर रकम रु. १००० |
| ५. | बचत, रेमिट कारोबार, शववाहन यातायात छुट कार्ड,उपचार छुट कार्ड, ऋण मागका लागि योग्य, सदस्य राहत रु. ५००० सुत्केरी भत्ता रु. ५०००।-, उपचार खर्च (मेजर अपरेशन) रु. १५००० | मासिक रु. ३०० आबद्ध विशेष बचत मासिक बचत न्युनतम रु. १००० नियमित भएको कम्तिमा १ बर्ष पुरा भएपछि न्युनतम शेयर रकम रु. ५००० |
| ६. | आधारभुत सेवा सबै सुत्केरी भत्ता रु. ५०००।-, उपचार खर्च (मेजर अपरेशन) रु. १५००० सदस्य राहत रु. १०,००० सदस्य परिवार राहत राहत रु. ३०,०००८ | मासिक रु. ३०० आबद्ध विशेष बचत मासिक बचत न्युनतम रु. १००० नियमित भएको कम्तिमा १ बर्ष पुरा भएपछि न्युनतम शेयर रकम रु. ५,१०० |
| ७. | आधारभुत सेवा सबै सुत्केरी भत्ता रु. ५०००।-, उपचार खर्च (मेजर अपरेशन) रु. १५००० सदस्य राहत रु. २०,००० सदस्य परिवार राहत राहत रु. ५०,००० | मासिक रु. ३०० आबद्ध विशेष बचत मासिक बचत न्युनतम रु. १००० नियमित भएको कम्तिमा १ बर्ष पुरा भएपछि न्युनतम शेयर रकम रु. २०,१०० |
| ८. | उल्लेखित सम्पूर्ण सुविधाहरु ४८ घण्टा भन्दा बढि अस्पताल भर्ना भए रु. ५,०००, सदस्य स्वयंको निधनमा रु. ५०००० र १००००० सदस्य परिवार राहत राहत रु. ५०,०००८ रु. ६०,००० रु. १,१०,००० सम्म | मासिक रु. ३०० आबद्ध विशेष बचत मासिक बचत न्युनतम रु. १००० नियमित भएको कम्तिमा १ बर्ष पुरा भएपछि न्युनतम शेयर रकम रु. २०,१०० माथि रु. ५०,१०० भए रु. १५१,००० भए |
| ९. | आजिवन/पुस्तौपुस्ता सम्म मासिक पेन्सन रु. १०,००० नै | बाचुन्जेल अहिले मासिक बचत गरेकै दरमा हाल मासिक बचत रु. १०,००० भए |
| १०. | एकल भत्ता रु. ६००० बार्षिक | आबद्ध विशेष बचत गरेको १० बर्ष पुरा भएको सदस्य ४५ बर्ष पुरा भई एकल भएमा |
| ११. | बृद्ध भत्ता रु. ६००० बार्षिक | आबद्ध विशेष गरेको १० बर्ष पुरा भएको सदस्य ६५ बर्ष पुरा भएमा |
| १२. | सामाजिक अगुवाको अवशर | बर्षमा १ पटक रक्तदान, आँखा शिविर, दन्त शिविर सहितको स्वास्थ्य शिविर लगायत सामाजिक सेवा |

नोट : शेयर सदस्य र एकाघर परिवारका सदस्यको निधन हुदा पाउने राहतका लागि नियमित खाता चलेको हुन पर्छ । सामान्यतया ३ महिना अधिसम्म बचत नियमित भएका सदस्यलाई राहत प्रदान गर्न सकिन्छ ।

# टिप्पणी

# संस्थामा कार्यरत कर्मचारीहरु



**पर्वत राज चिमरिया**
**व्यवस्थापक**



इन्दु निरौला
लेखा प्रमुख



मदन चिमरिया
ऋण प्रमुख



कैलाश रेग्मी
सेवा केन्द्र प्रमुख



पवित्र पौडेल
नगद सहायक



दिपेश अधिकारी
कर्जा सहायक



विमला कार्की
नगद सहायक



दिव्या फुयाँल
नगद सहायक



कृपा तामाङ
लेखा सहायक



विक्रम निरौला
बजार प्रतिनिधी



मेनुका दाहाल
बजार प्रतिनिधी



दुर्गा पौडेल
बजार प्रतिनिधी



प्रमिला थापा
बजार प्रतिनिधी



रचना गीरी
बजार प्रतिनिधी



रमा कार्की
बजार प्रतिनिधी



अमिता पौडेल
बजार प्रतिनिधी



गीता कुँवर
कार्यालय सहयोगी

### ऋण उपसमिति

खगेन्द्र कुवँर (क) : संयोजक
मिना देवी पाठक : सदस्य
जनारधन बाँस्कोटा : सदस्य

### स्वास्थ्य उपसमिति

हृदय कुमारी सङ्गौला : संयोजक
हिरामत शाह : सदस्य
सन्तोष चिमरिया : सदस्य

### शिक्षा उपसमिति

खड्ग बहादुर बिष्ट : संयोजक
बालकृष्ण चम्लागाईं : सदस्य
कृष्ण प्रसाद बराल : सदस्य

### कर्मचारी सुपरिवेक्षण तथा अनुगमन समिति

बालकृष्ण चम्लागाईं : संयोजक
जनारधन बाँस्कोटा : सदस्य
दशरथ हुमागाई : सदस्य
गौरि प्रसाद भण्डारी : सदस्य
मिना देवी उप्रेती : सदस्य

# आबद्ध मोबाईल बैंकिङ्ग

संस्थामा सम्पर्क गरि आजै मोबाइल बैङ्कीङ सेवा सुचारु गर्नुहोस्।

- Bank Transfer
- Mobile Recharge
- QR Payment
- Wallet Load
- Flight Booking
- Request Money
- NEA Payment
- Utility Payment
- Fund Transfer




E-sewa बाट सिधै तपाईको खातामा बचत गर्न तथा ऋणको किस्ता भुक्तानी गर्न सक्नु हुनेछ ।